जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २५ •अंक १५३ •२०८० साल कार्त्तिक ३ गते शुक्रबार (20 October, Friday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

### जसपामा चरम गुटबन्दी

## मधेश प्रदेशमा संगठनको विवाद मिलाउन अध्यक्षलाई चुनौती

**टुडे समाचारदाता**

जलेश्वर। जनता समाजवादी पार्टी(जसपा) का अध्यक्ष उपेन्द्र यादवले महोत्तरी जिल्ला स्तरीय बृहत् कार्यकर्ता भेलामा संगठनलाई सुदृढ बनाउन जोड दिएका छन्। जिल्ला कमिटीद्वारा बिहीबार आयोजित बृहत् कार्यकर्ता भेलामा संगठनलाई सुदृढ बनाउन सबैलाई एकबद्ध भएर लाग्न निर्देशन दिए।




जसपाले अहिले 'घर घर जसपा, मन मन जसपा' अभियान चलाएर संगठन सुदृढीकरणमा लागेको छ। तर अभियान सुरु हुनासाथ संगठनमा रहेका गुटबन्दी सतहमा आउन थालेका छन्।

पर्सा जिल्लामा समानान्तर जिल्ला समिति बने लगतै धनुषाको जनकपुरधाम उपमहानगरपालिकामा पनि समानान्तर समिति गठन भएको छ।

जसपाको आन्तरिक गुटबन्दी मिलाउन अध्यक्ष यादवका लागि चुनौती बनेको छ। मधेश प्रदेशको सबै जिल्लामा विवाद रहेकाले समन्वय गर्न चुनौती देखिएको छ।

जसपा सरकारमा रहेकाले नेता, कार्यकर्ताहरुको आकांक्षा उच्च भएको छ। पालिकादेखि प्रदेश र संघीय सरकारका मन्त्रीले समेत कार्यकर्ताहरुलाई बेवास्ता गर्न थालेकाले पार्टी भित्र असन्तुष्टि झन बढेको छ।

## ठाकुरजीले गडबड गर्नु भो :वरिष्ठ नेता महतो

**टुडे समाचारदाता**

राजविराज । लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले अध्यक्ष महन्थ ठाकुरप्रतिको असन्तुष्टि बिहीबार राजविराजको शुभकामना आदानप्रदान कार्यक्रममा पोखेका छन्।



पार्टी अध्यक्ष ठाकुरले गत महिना गरेको पार्टी पुनर्गठनप्रति असन्तुष्टि जनाउँदै नेता महतोले भने, पार्टी पुनर्गठनमा ठाकुरजीले गडबड गर्नुभयो।

केन्द्रीय समिति पुनर्गठनमा अध्यक्ष महन्थ ठाकुरले गडबड गरेको आरोप लगाउँदै महतोले भने, ६३ जना पदाधिकारी रहेको पार्टीमा १६ जना महासचिव राखिनु हास्यास्पद छ ।'कार्यसमिति पुनर्गठनप्रति मेरो असन्तुष्टि छ' नेता महतोले भने, केन्द्रीय कार्यसमिति सरसल्लाहबाट विस्तार हुनुपर्नेमा त्यसो भएन्।

लोसपा सप्तरीद्वारा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा नेता महतोले पार्टी केन्द्रीय समिति पुनर्गठन गर्ने अधिकार आफूहरुले अध्यक्ष ठाकुरलाई दिँदा उनले गडबड गरेको आरोप लगाए। 'मैले पार्टी बैठकमा पनि यो कुरा राखेको छु,' वरिष्ठ नेता महतोले भने, 'गडबडी अब सुधार गरेर अगाडि बढ्नुपर्छ।'

केन्द्रीय समितिको महासचिवमा मनोनित भएका महतोका ज्वाई युवा नेता अनिल महासेठले असन्तुष्टि जनाउँदै पद अस्वीकार गरिसकेका छन्।

६३ पदाधिकारीमा १६ महसचिव राखिदा यो कस्तो पार्टी हो भन्ने चौतर्फी आलोचना भइरहेको उल्लेख गर्दै उनले भने, ती सबै गडबडी हटाउँदै पार्टी सुदृढीकरण गर्दै एकताबद्ध भइ अगाडि बढनुपर्छ।

आमनिर्वाचनमा सर्लाहीबाट पराजित भएका महतो पार्टीमा आफ्नो विशिष्ट भूमिका बनाउन सक्रियता बढाएका छन्। लोसपामा महतोले कार्यकारी भूमिका चाहे पनि ठाकुर कार्यकारी भूमिका छाडने पक्षमा छैनन्। कांग्रेस पार्टी छाडेर तराई मधेश लोकतान्त्रिक पार्टी( तमलोपा)को अध्यक्ष भएदेखि ठाकुर निरन्तर लोसपासम्म अध्यक्ष नै रहेका छन्। तर उनले पार्टीको महाधिवेशन कहिल्यै गराएका छैनन्।

'अधिकार र पहिचानका लागि छठपछि निर्णायक आन्दोलन हुने छ ' उनले भने, अबको लडाइँ नै अन्तिम लडाइँ हुने छ '। त्यसका लागि शक्ति सञ्चय गर्न कार्यकर्तालाई उनले आग्रह गरे।

लोसपाको केन्द्रीय समिति पुनर्गठन भएपछि पहिलो पटक नेता महतो संघीय राजधानी बाहिरको पार्टी कार्यक्रममा सहभागी भएका छन्। लोसपामा अध्यक्ष ठाकुरपछिको वरियतामा रहेका महतो जस्तै वरिष्ठ नेता शरतसिंह भण्डारी र अनिल कुमार झा पनि रहेका छन्। झालाई ठाकुरले पुनर्गठनमा वरिष्ठ नेता बनाएका छन्।






# सवारी दुर्घटना रोक्न चालकलाई सम्मान

झापा। चाडपर्वको अवसरमा हुने सवारी दुर्घटना रोक्न सवारी चालकलाई सम्मान गरिएको छ । मेचीनगर नगरपालिका-६ काँकडभिट्टामा चालकलाई जिम्मेवार बनाउन र उनीहरूको आत्मविश्वासलाई बढाउन नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनले बिहीबार सम्मान गरेको हो।

बडादसैं, दीपावली तथा छठपर्वलाई लक्षित गरेर सङ्गठनले थालेको 'सुरक्षित यात्राका सारथी' नार ासहितको कार्यक्रममा काँकडभिट्टाबाट महेन्द्रनगर, नेपालगन्ज, चरिकोट र पोखराजस्ता लामा रूटमा सवारी कुदाएर हालसम्म कुनै दुर्घटना तथा ट्राफिक कारबाहीमा नपरेका चालकलाई अबिर, मालाले सम्मान गरिएको छ । सम्मानित हुने चालकमा श्यामबहादुर गुरुङ, हरेराम खड्का, गोविन्द ढकाल, सचिन महत, रविन रिजाल, दीपक गौतम, जगत् पौडेल र ढुवानी मजदुर विर्खबहादुर गिरी रहेका छन् ।

दुर्घटना न्यूनीकरणका लागि सन्देश दिने हिसाबले आठजना चालकलाई सम्मान गरिएको सङ्गठनका केन्द्रीय अध्यक्ष भीमज्वाला राईले बताउनुभयो। उहाँले नैतिकता, मानवीयता र अनुशासन कमजोर भएको वर्तमान समयमा चालकले देखाएको इमान्दारिताले समाजमा अरु मान्छेलाई पनि सहयोगी बन्न प्रेरणा मिल्ने आशा व्यक्त गर्नुभयो। कार्यक्रममा मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द बुढाथोकीले सवारीमा यात्रुमैत्री व्यवहार गर्न सवारी चालक, सहचालक र परिचालकलाई आग्रह गर्नुभयो। रासस

# घटस्थापनाको शुभ अवसर पारेर डिशहोम फाइबर नेटको अफर, एक वर्षको नयाँ कनेक्सनमा २ वर्षको सेवा

**टुडे समाचारदाता**

काठमाण्डु । घटस्थापनाको दिनदेखि लागुहुने गरी डिशहोम फाइबरनेटले १ वर्षको नयाँ कनेक्सन गर्दा अब आफ्ना ग्राहकहरुलाई २ बर्ष सम्म ईन्टरनेटको सेवा दिने अफर सार्वजनिक गरेको छ। यस अफर अन्तर्गत नयाँ ग्राहकले ५० एमबिपिएसदेखी ३०० एमबिपिएस सम्मका प्याकेजहरु जडान गर्न सक्नेछन् । जसमा, ग्राहकले ५० एमबिपिएसदेखि २५० एमबिपिएससम्म फाईभ जी राउटर पाउनेछन भने ३०० एमबिपिएसको प्याकेज लिने ग्राहकले वाईफाई ६ राउटर पाउने छन्।

यसअघि एसियाकपमा नेपाल र भारतको खेलको खुसीयालीमा डिशहोम फाइबरनेटले आफ्ना पुराना ग्राहकहरुको लागि १२ महिनाको रिचार्ज गर्दा अतिरिक्त १२ महिनाको सब्सक्रिप्सन निःशुल्क पाउने अफर ल्याएको थियो। एक वर्षको नयाँ कनेक्सनमा २ वर्षको सेवा अफर




घटस्थापना (असोज २८) देखि पूर्णिमा (कार्तिक ११) सम्म मात्र लागु हुने कम्पनीले जनाएको छ।

# कोशीमा राप्रपाद्वारा प्रमुख प्रतिपक्षको दाबी

**टुडे समाचारदाता**

विराटनगर । राष्ट्रिय प्रजातन्त्र पार्टीले कोशी प्रदेश सभामा प्रमुख प्रतिपक्षको दाबी गरेको छ। राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाले प्रमुख प्रतिपक्ष दलको नेताले पाउने सुविधाका लागि सभामुख समक्ष बिहीबार दाबी पेस गरेका छन् ।

सिटौलाले नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम गठन भएको कोशी प्रदेशको सरकारको गठनमा नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी समेतको समर्थन भएको दाबी गरेका छन् । उनले बुधबार मुख्यमन्त्री केदार कार्कीले विश्वासको मत लिदा उक्त दलहरुले विश्वासको प्रस्तावको पक्षमा मतदान समेत गरिसकेको र विपक्षमा राप्रपाका प्रदेश सभा सदस्यहरुले मात्र गरेकोले प्रमुख प्रतिपक्षी दलको मान्यतासहित सेवा सुविधा पाउनुपर्ने माग गरेको हो ।

कोशी प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ को दफा २ को खण्ड (ङ) मा प्रमुख प्रतिपक्ष दलको नेताको व्यवस्थाबारे उल्लेख छ।

उक्त व्यवस्था अनुसार प्रमुख प्रतिपक्षी दलको नेता भन्नाले 'मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रदेश सभामा बढी सदस्य संख्या भएको दलका सदस्यहरुले आफू मध्येबाट दलको नेताको रुपमा निर्वाचित गरेको सदस्यलाई सम्झनु पर्छ' भनी उल्लेख छ।

राप्रपा संसदीय दलको नेता भक्ति प्रसाद सिटौलाले ऐनको सोही व्यवस्था अनुसार कोशी प्रदेश सभाको प्रमुख प्रतिपक्ष दलको नेता भएको हुँदा उक्त ऐन बमोजिम प्रमुख प्रतिपक्ष दलको नेताले पाउने सुविधा उपलब्ध गराईदिन माग गरेको बताए। सोही ऐनको अनुसूची १ मा सुविधाको विषय उल्लेख छ।

जस अनुसार प्रमुख प्रतिपक्षी दलको नेताले मासिक पारिश्रमिक ५९ हजार, एक थान गाडी र त्यसका लागि इन्धन १२५ लिटर तथा मोबिल ५ लिटर, मासिक रुपमा बिजुली धारा महसुल, संचारमा मासिक ३ हजार लगायत सुविधा पाउने जनाएको छ।

# विधिपूर्वक गरियो स्कन्दमाताको पूजा आराधना

काठमाण्डु। नवरात्रको पाँचौं दिन दसैंघर वा पूजा कोठामा नौ दुर्गामध्येकी पाँचौं स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरिएको छ। प्रत्येक वर्ष आश्विन शुक्ल पञ्चमी अर्थात् दुर्गा पक्षको पाँचौं दिन स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरिन्छ । यस दिन स्कन्दमाताको षोडशोपचारले पूजा आराधना गर्ने वैदिक सनातनी नियम छ ।



पौराणिक ग्रन्थमा स्कन्दमाताका विषयमा विभिन्न कथा वर्णन गरिएको छ । कुनै समय शिव र पार्वती ऋषिहरुका सभामा जाँदा सबैले उठेर स्वागत गरे । ऋषि सनतकुमार ध्यानमा मग्न भएकाले उठेनन् । यो पार्वतीलाई मन परेन । पार्वतीले ऋषिलाई 'तिमी ऊँट बन' भनी श्राप दिइन् । ऋषि ऊँट बने । शिवले पार्वतीलाई 'ज्ञानीलाई कुनै श्रापले स्पर्श गर्न सक्दैन, यसैले ऊँटका योनिमा पनि आफ्नो ब्रह्मस्वरुप ज्ञानले आनन्दमा मस्त छन्' भनी दुवै दम्पती ऊँटधारी सनतकुमारलाई हेर्न गएछन् ।

पार्वतीले ऋषिलाई ऊँटको योनिमा कस्तो अनुभव हुन्छ भनी सोद्धा ऋषिले 'मलाई हजुरले ऊँटको योनि प्रदान गरेर ठूलो अनुग्रह गर्नुभयो' 'भोक लागेका बेला जङ्गलका काँडाहरु चपाउँछु र आनन्दसँग ब्रह्मचिन्तन गरेर बस्छु, मलाई यस योनिमा कुनै पनि कष्टको अनुभव छैन' भनी उत्तर दिएछन् ।

ऋषिको कुराबाट पार्वती प्रभावित हुँदै भनिछन् 'ऋषिजी तपाइँ ज्यादै ठूलो ब्रह्मज्ञानी हुनुहुँदो रहेछ, यहाँको महत्व नबुझी मैले दिएको श्रापबाट मलाई ठूलो पश्चात्ताप छ, अब म तपाइँलाई पुत्रका रुपमा प्राप्त गर्न चाहन्छु' पार्वतीको आज्ञालाई स्वीकार गरी सनतकुमारले पार्वतीबाट जन्म ग्रहण गरेकाले स्कन्दमाता नाम रहन गएको भन्ने कथा पाइन्छ । स्कन्दको अर्थ सनतकुमार रहेको छ । स्कन्दमाताको प्रतिमा लक्षणमा यिनी सिंहासनमा बसेकी तथा दुवै हातले कमलपुष्प समाएको हुने विवरण पाइन्छ।

छान्दोग्य श्रुतिका अनुसार भगवतीको शक्तिबाट उत्पन्न भएकाले सनत्कुमारको नाम स्कन्द रहन गएको हो । स्कन्दको माता भएकाले पार्वती नै स्कन्दमाताका नामले कहलाउनुभएको हो । यस्तो महत्व भएकी देवीको आज विधिपूर्वक पूजा, आराधना गरिएको हो । नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थलमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवत लगायत देवी स्तोत्र पाठ समेत गरिन्छ। नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ। यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन्। नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । यसरी १५ दिनसम्म नेपालीले बडादसैं पर्व मनाउँछन् ।

नवरात्रको पहिलो दिन असोज २८ गते आइतबार दसैंघर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । त्यसै दिन घटस्थापना गरिएको स्थानमा नौ दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी विधिपूर्वक पूजा आराधना गरियो।

दोस्रो दिन सोमबार पूजा स्थलमा दोस्रो ब्रह्मचारिणी देवीलाई आह्वान गरी विधिपूर्वक पूजा आराधना गरिएको थियो भने तेस्रो दिन मङ्गलबार चन्द्रघण्टा देवीको निष्ठाका साथ पूजा आराधना गरियो। चौथो दिन बुधबार कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिएको थियो । पाँचौं दिन आज स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरिएको हो। दुर्गा पक्ष समेत भनिने दसैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी, र नवौं दिन सिद्धिदात्रीको पूजा आराधना गर्ने गरिन्छ । यीनै नौवटा दुर्गाका रुपलाई नवदुर्गा पनि भनिन्छ।रासस

# कैद मिनाहा पाएको एक महिनामै हत्या आरोपमा फेरि पक्राउ



**टुडे समाचारदाता**

दाङ । संविधान दिवसका दिन राष्ट्रपतिबाट कैद मिनाहा पाएका व्यक्ति २५ दिनपछि पुनः हत्या आरोपमा पक्राउ परेका छन् । गत ३ असोजमा मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट कैद मिनाहा पाएका रुकुमपश्चिमको सानीभेरी गाउँपालिका -९ सिम्लीका ३३ बर्षीय लोकेन्द्र भनिने लोकबहादुर बिक मुसीकोट नगरपालिका-७ साँखकी २८ वर्षीया भावना बिकको हत्या हत्या आरोपमा पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी कार्यालय रूकुम पश्चिमका डीएसपी नमराज भट्टराईका अनुसार लोकबहादुर र भावना आइतबार रूकुम पश्चिमको खलंगास्थित होटल सत्कारमा बसेका थिए । भावना मंगलबार बिहान होटलको कोठा नम्बर १ मा मृत भेटिएकी थिइन् ।

मुसीकोट नगरपालिका-१ छिडस्थित माइतीघरमा बस्दै आएकी भावना र लोकबहादुरबीच लेनदेनको बिषयमा विवाद भएपछि हत्या भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको प्रहरीको भनाइ छ। प्रहरीले घटनास्थलबाट चक्कु, चक्कुको खोल, मोबाइल, लोकबहादुरको घरबाट ८५ हजार ८३५ रुपैयाँ नगद पनि बरामद गरेको छ।

आइतबार होटेल सत्कारमा पुगेका उनीहरुले त्रिवेणी गाउँपालिकाका विकास केसीको नामबाट होटलको कोठा बुक गराएका थिए । नातामा श्रीमान् श्रीमतीको सम्बन्ध उल्लेख गरेका उनीहरुले होटलमा दिएको नाम र विवरण गलत रहेको प्रहरीले जनाएको छ।

बहुविवाह मुद्दामा जेल परेका लोकेन्द्रलाई असल चालचलन भएको कैदीका रुपमा मन्त्रिपरिषदको सिफारिसमा ३ असोजमा राष्ट्रपतिले कैद मिनाहा गरेका थिए । उच्च अदालत सुर्खेतले २०७६ जेठ ९ गते एक वर्ष कैद सजाय सुनाएका लोकबहादुर ०७९ फागुन १४ गते जेल परेका थिए। प्रहरीका अनुसार कैद मिनाहा नभएको भए पनि उनी ०८० माघ १९ गते मुक्त हुने थिए।

# घटस्थापना पछि ३ लाख ५८ हजार मानिस उपत्यकाबाट बाहिरिए

**टुडे समाचारदाता**



काठमाण्डु। बडादसैं मनाउन उपत्यकाबाट बाहिरिनेको सङ्ख्या दैनिक बढ्दै छ। बुधबार दिनभरमा ९१ हजार १०८ जनाले उपत्यका छाडेका छन् । काठमाण्डुको नागढुंगा, फर्पिङ, मुड्खु भञ्ज्याङ र भक्तपुरको जगातेबाट बुधबार ९१ हजार १०८ जना बाहिरिएको उपत्यका प्रहरी कार्यालयका एसएसपी राजेन्द्र प्रसाद भट्टले रातोपाटीलाई बताए।

घटस्थापना पछि ३ लाख ५८ हजार ७६२ जनाले उपत्यका छाडेका छन् । घटस्थापना (असोज २८) बाट असोज ३० सम्ममा २ लाख ६७ हजार ६५४ जनाले उपत्यका छाडेका थिए । तर, बुधवारबाट उपत्यका छाड्नेको सङ्ख्या बढेको छ । चाडपर्वको समयमा हुनसक्ने सुरक्षा चुनौती र दुर्घटना नियन्त्रण गर्न ट्राफिक प्रहरीले चेकजाँचमा कडाइ गरेको छ । लामो दुरीको बसमा दुईजना चालक राख्ने नियम पालनामा कडाइ गरिएको एसएसपी भट्टले जानकारी दिए।

# राष्ट्रपतिले सर्वसाधारणलाई दशैंको टीका लगाइदिने

**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले सर्वसाधारणलाई दशैंको टीका लगाइदिने भएका छन् ।



राष्ट्रपति कार्यालयले बिहीबार जारी गरेको सूचनाका अनुसार ७ कात्तिक मंगलबार विजया दशमीका दिन विशिष्ट व्यक्ति र सर्वसाधारणलाई टीका लगाइदिने भएका हुन् ।

दिउँसो २ बजेदेखि अपरान्ह ३ बजेसम्म उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभा अध्यक्ष, प्रधानन्यायाधीश, मन्त्रीहरू, सांसद, सरकारी कर्मचारी, प्रहरी, सेनाका अधिकारीलाई टीका लगाइदिने र अपरान्ह ३ बजेदेखि बेलुका ५ बजेसम्म सर्वसाधारणलाई टीका लगाइदिने समय निर्धारण गरिएको जारी सूचनामा उल्लेख छ।

# शिक्षक बढुवा परीक्षामा कार्यरत जिल्लामा मात्र प्रतिस्पर्धा गर्न पाइने

**टुडे समाचारदाता**

काठमाण्डु। शिक्षक सेवा आयोगले शिक्षक बढुवाको परीक्षामा कार्यरत जिल्लामा मात्र प्रतिस्पर्धा गर्न दिने भएको छ। आयोगको गत मंगलबारको बैठकले आन्तरिक परीक्षाबाट पदपूर्ति गरिने २५ प्रतिशत पदमा कार्यरत जिल्लामा मात्र प्रतिस्पर्धा गर्न पाइने निर्णय गरेको हो।

आयोगले प्रकाशित गरेको सूचनामा भनिएको छ, "हाल कार्यरत जिल्ला र प्रतिस्पर्धा गर्ने जिल्ला एउटै भएमा मात्र परीक्षामा सहभागी हुन सक्ने।' आयोगले यही अनुसार मात्र परीक्षामा सहभागी गराउन सम्बन्धित परीक्षा केन्द्रलाई आग्रह गरेको छ। आयोगले शिक्षक बढुवाको लिखित परीक्षा ९ मंसिरमा सञ्चालन गर्दैछ।

# कांग्रेसले फागुन १ लाई जनयुद्ध दिवस मान्दैन : महामन्त्री थापा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस महामन्त्री गगन थापाले पपुलिजम रोगका रुपमा देखिएको बताएका छन् । नेपाल प्रेस युनियन काठमाडौंद्वारा आयोजित शुभकामना आदानप्रदान कार्यक्रम उनले भने, 'अहिले विश्वमा पपुलिजको रोग छ। यो रोग विरुद्ध प्रेसका साथीहरू उभिनुपर्छ। प्रेसका समस्यामा हामी गम्भीर भएर लाग्छौं।'



पार्टीभित्रको समस्या र अन्यायबारे आगामी महासमिति बैठकमा गम्भीर छलफल हुने उनको भनाइ छ । सरकारै सरकारमा रहेको पार्टीका नेता कार्यकर्तालाई ८४ मा हारिन्छ भनेर किन चिन्ताभन्दै उनले प्रश्न गरे । चुनावअघि गठबन्धन गर्ने कुरा सैद्धान्तिक हिसाब गलत भएको भन्दै महासमिति बैठकले यसबारे धारण बनाउनुपर्ने महामन्त्री थापाले बताए।

उनले जनयुद्ध दिवस कांग्रेसलाई मान्ने नहुने बताए ।'फागुन १ गते जनयुद्ध दिवसका रुपमा कांग्रेस मान्दैन। त्यो माओवादी पार्टीको कुरा हो। हामी मान्दैनौं।' प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राम्रा काम आफूले र नराम्रो काम कांग्रेस गरेको आरोप लगाएको उनको भनाइ छ । 'प्रधानमन्त्रीले राम्रो जति मेरो, नराम्रो जति कांग्रेसको भन्नुहुन्छ । मन्त्रीहरुले कांग्रेसका कारण काम गर्न सकिन भनेर समाचार लेखाएका छन् । त्यसैले मैले निश्चित समय तोकेर सरकार कसले चलाउने टुंगो लगाउनुपर्छ।'

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रेम प्रसंग, मित्र सुख। |
| मिथुन | : पारिवाहिक सुख। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : अवसर प्राप्त। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : धन बृद्धि सञ्चय। |
| मकर | : शिक्षामा उन्नति। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जनकपुरधामको पवित्र सरोवर गंगासागरमा रहेको माछा बचाउनकालागि विज्ञहरुको सल्लाह अनुसार जलमा चुना र पोटास छर्कंदै । गंगासागरमा जलको सतह घट्दै गएको कारण अक्सिजन को मात्रामा कमि भैई माछा मर्न थालेपछि पानीको परीक्षण गरी तत्काल चुना र पोटास छर्किएका छन् । *तस्विर : टुडे*

# सीमापारि भीडभाड, वारी सुनसान

वीरगञ्ज । विजयादशमी सुरु भएसँगै यतिबेला सीमावर्ती भारतीय बजार रक्सौलमा नेपाली ग्राहकको भीड बढ्न थालेको छ भने वीरगञ्ज बजारमा भने खासै भीड देखिएको छैन् ।

नेपाली बजारभन्दा भारतीय बजारमा पूजापाठ, खाद्यान्नलागयतका दैनिक उपभोग्य सामग्री सस्तो पाइने भएकाले जिल्लाका विभिन्न ठाउँबाट स्थानीयवासीले दसैँका अवसरमा उपभोग्य सामग्री खरिद गर्न भारतीय बजार रक्सौलतर्फ आकर्षित हुने थालेका हुन् ।

ठूलो सङ्ख्यामा नेपाली अहिले दिनहुँजसो समान खरिद गर्न सीमावर्ती भारतीय बजार रक्सौल आउन थालेपछि यहाँ भीड बढ्न गएको रक्सौलका व्यापारी बताउनुहुन्छ । नेपाली बजारभन्दा भारतीय बजारमा सस्तो दरमा समान पाउने तथा त्यहाँका व्यापारीले नेपाली ग्राहकसँग मृदु व्यवहार गर्ने गरेकाले नेपाली उपभोक्ता दसैंलगायत विभिन्न चाडपर्वमा समान खरिद गर्न सीमापारी



भारतीय बजार आउने गरेको रक्सौलमा समान खरिद गरिरहेका नेपाली उपभोक्ता सन्तोषकुमार साहले बताउनुभयो ।

नेपाली बजारभन्दा भारतीय बजारमा प्रत्येक समानको मूल्य रु १० देखि रु २० सम्म सस्तो हुने भएकाले खरिद गर्न सीमापारी जान्ने गरेको उहाँको भनाइ छ । भारतीय सिमासुरक्षा बल (एसएसवी)का जवानहरुले दसैँका अवसरमा दैनिक उपभोग्य समान खरिद गरी लैजाने नेपालीहरुलाई अहिले सहज गरेकाले अहिले अरु दिनको तुलनमा भीड बढ्न गएको छ । नेपाली ग्राहकले भारतबाट दाल, चिनी, खानेतेल, मसला, चामललगायतका समान खरिद गरी लैजाने गरेको भारतीय व्यापारी रामकुमार अग्रवालको भनाइ छ ।

टेक्सटाइल चेम्बर अफ कमर्स रक्सौलका अध्यक्ष अरुणकुमार गुप्ताले भारतको रक्सौलमा रहेको कपडा व्यापारीले कपडा खरिद गर्दा नेपाली रुपैयाँको बट्टा नकाट्ने भएकाले महिलाको कपडा पसलमा बढी भीड लाग्ने गरेको बताउनुभयो । दसैँ जस्तो समयमा पनि मालसामान खरिद गर्न धेरैजसो ग्राहक सीमावर्ती भारतीय बजार जान्ने गरेकाले नेपाली बजारमा रौनक हराउँदै गएको छ । रासस

## चाडपर्वमा हराउँदै लोकपरम्परा

# न 'झिझिया नृत्य' न 'दसैँके ढोल'

महोत्तरी । यसपालिको दशहारा (दसैँ) पर्व नजिकिँदै गर्दा पनि तराई-मधेशका टोल बस्तीमा 'झिझिया' को लय सुन्न पाइँदैन भने 'ढोल' को आवाज पनि सुनिँदैन । दशहारा पर्वमा घटस्थापनाकै दिनदेखि बस्ती/बस्तीमा बज्ने 'ढोल' अब मधेशको प्राचीन मिथिलामा हराएको छ ।

नवरात्र अवधिमै मिथिलानी (मिथिलाका नारी) ले दुष्टात्मा भगाउन खेल्ने 'झिझिया' नृत्य देखिन, सुनिन छाडेका छन् । घटस्थापनाका दिनदेखि नै बज्ने ढोल र बस्तीबस्तीमा गाइने/नाचिने झिझिया देख्न, सुन्न छाडिएको हो । मिथिला क्षेत्रमा बोलीचालीमा 'दशहरा' भनिने बडा दसैं पर्वका पुराना लोकपरम्परा केही वर्षयता हराउँदै गएका हुन् ।

दशहारा सुरु हुनासाथ नगर/गाउँ बस्तीमा बज्ने ढोल (नगरा) र बस्ती/बस्तीमा गरिने झिंझिया नृत्य देखिन छाडेपछि राष्ट्रिय महत्वको यो पर्वमा स्थानीय लोकपरम्परा हराउँदै गएको हो । ढोल बज्न छाडेर बस्तीबस्तीमा झिझिया पनि हराउँदै गएपछि पाका पुस्ताका मैथिललाई दशहारा आएजस्तो लागेको छैन । "कहुँ ढोल बजल नई सुनैछी, न झिझिया नाच कतो दिखाइय" (कतै ढोल बजेको सुनिदैन, न झिझिया नाच नै देखिन्छ) महोत्तरीको भङ्गाहा नगरपालिका-५ धतियाटोल सीतापुरका ८० वर्षीय झौली भण्डारी माली भन्नुहुन्छ, "दशहारा पावैन आयल बुझाइए न रहल अई" (दसैं पर्व लागेजस्तो नै बुझिन्न) । बस्तीमा ढोल नबजेको र राती झिझियाको लय सुन्न नपाइएपछि दसैं लागेको भनक नै नपाइएको भण्डारीको भनाइ छ ।

महोत्तरीसहितका मिथिलामा दसैं पर्वको नवरात्र सुरु भएसँगै बस्तीका घर/घरैजसो 'दसैंके ढोल' भन्दै चमार नाइकेले बजाउने ढोल र राती महिलाले सामुहिक रुपमा गीत गाउँदै नाचिने झिझिया देख्न छाडिएपछि भण्डारीजस्तै यस भेगका सर्वसाधारणले चिन्ता जनाएका छन् । "बौवा, पुरान परम्परा सब हेराय लागल, चिन्ता लगैय जे आब हमर कि पहिचान रहत ?" (बाबु, पुराना परम्परा हराउँदै गए, अब चिन्ता लाग्दैछ, अब हाम्रो के पहिचान रहला ?) । जिल्लाको सदरमुकामसमेत रहेको महोत्तरीकै जलेश्वर नगरपालिका-५ चौडिया बस्तीका ७५ वर्षीय रहिमन मण्डलले मैथिलीमा भन्नुभयो ।

दसैं पर्वको घटस्थापनाकै दिन बस्तीका चमार जातिका अगुवा ठूलो आवाजको नगरा (ढोल) बजाउँदै 'दसैंके ढोल' भनेर कराउँदै हिंड्दा ससाना नानीहरु उनका अघिपछि झुम्मिने गरेका कुरा अब दन्त्यकथा जस्तै भएको बुढापाका बताउँछन् । लोक परम्पराका 'ढोल' र 'झिझिया' नबज्दा, नगाइँदा दसैं लाग्यो, दसैं आयो भन्ने लाग्ने नगरेको पाका मैथिल बताउँछन् ।

त्यसैगरी नवरात्र सुरु भएकै दिन मिथिला क्षेत्रमा घन्कने झिझिया गीत र त्यसको तालमा जादुमय तरिकाले नाच्ने नृत्याङ्गनाहरुको समूह पनि अब देखिन छाडेको छ । 'तोहरेलागि झिझिया बनैली हो बरमबाबा...!' को रागले सुनसान रातमा बस्तीका सडक हुँदै ग्रामदेवता (ब्रम्हस्थान) स्थलमा पुगेर दसैंमा मिथिलानीहरुले सुरिलो भाखामा गाउँदै फनफनी आफूलाई घुमाएर नाचेको देखाउने यो प्राचीन तान्त्रिक नृत्य अब देखिन छाडेपछि बुढापाका मैथिलको चिन्ता बढेको हो ।

पछिल्ला केही वर्षयता लोकपरम्पराको 'झिझिया' नृत्य गैरसरकारी सङ्घसंस्थाका कार्यक्रम भने बनेका देखिन्छन् । तिनै सङ्घसंस्थाको मञ्चमा हुने कार्यक्रमलाई अचेल हामीले 'मिथिलामा झिझियाको रौनक' शिर्षक दिएर ठूलठूला अक्षरमा सञ्चारमाध्यममा पस्कने गरेका भङ्गाहा-४ रामनगरका बासिन्दा सञ्चारकर्मी (पत्रकार) रामईश्वर ठाकुर बताउनुहुन्छ । गाउँनगर बस्तीका पाका चमार जातिका अगुवा बुढ्याँइले हिडडुल गर्न छाडेर नयाँ पुस्ताका चमार युवाले पुरानो थिति नअँगालेपछि अब दसैंको ढोल बज्न छाडेको हो । "कि करु हजुर, जवतक शरीर साथ देलक तबतक ढोल बजैली, आब बेटा/पोता ढोल बजाव नइ चाहैय, कि करु ?"( के गरौं हजुर, जहिलेसम्म शरीरले साथ दियो, रमाइलो मानेर ढोल बजाउँथे, अब छोरा/नाति ढोल बजाउन चाहँदैनन्, के गरौ ?) भङ्गाहा-५ धतियाटोलकै ७५ वर्षीय अच्छेलाल महरा (चमार समुदायका अगुवा) बताउनुहुन्छ । दलित समुदायभित्रको चमार जातिका नयाँ पुस्ताका किशोर र युवा रोजगारीका लागि भारत र अन्य अरब राष्ट्र जान थालेपछि



पुख्र्यौली रितिथिति र पेशा थाम्ने कुरा ओझेलिएको चमार जातिका पाका उमेरका अगुवा बताउँछन् ।

त्यसैगरी असुर प्रवृतिविरुद्ध सात्विक प्रवृति र असत्यमाथि सत्यको विजयका रुपमा मनाइने दसैं पर्वमा झिझिया नृत्य मिथिला क्षेत्रको प्रमुख आकर्षण रहँदै आएको थियो । ''दसैं लागेपछि प्रत्येक रात बस्तीका महिलाहरु सहभागी हुने झिझिया नृत्य पछिल्ला केही वर्षयता सुनिन, देखिन छाडेको छ" महोत्तरी जिल्लाकै भारतीय सीमावर्त्ती मटिहानी-७ का सामाजिक कार्यकर्ता रामकुमार मण्डलले भन्नुभयो ।

पछिल्ला केही वर्षयता गाउँ/नगर बस्तीमा डिस्को बाजासँगै कर्कस स्वरमा बजाउन थालिएको गीत र त्यसको तालमा उफ्रदै नाच्ने जमातप्रति मण्डलको चित्त दुखाइ छ । "हाम्रो आफ्नै परम्परामा मनोरञ्जनका साधन र विधि छन्, हाँस्न, खेल्न तिनको अनुशरण गरे त भयो नि !" मण्डलले भन्नुभयो, "तर अब हाम्रा मनोरञ्जनका विधि सबै छोडिदै गएका छन् ।" दसैं लागेपछि अघि सत्य युगमा देवी दुर्गाबाट पराजित भएका दुष्टात्मा टोल बस्तीमा प्रवेश गरेर सर्वसाधारणलाई दुखः दिन सक्ने रुढी विश्वासका आधारमा त्यस्ता आत्मालाई प्रवेश गर्न नदिन मिथिलानीहरुले राति जाग्राम रही ग्राम देवतालाई पुकारा गर्दै गाउने गीत र नृत्यलाई 'झिझिया' भनिन्छ ।

असङ्ख्य ससाना प्वाल पारिएको माटोको गाग्रो (घैंटो) भित्र बत्ती बालेर एकजना फनफनी नाच्दै घुम्ने र अरुले गीत गाउँने गरेको यो पुरानो संस्कृति नयाँ पुस्ताका छोरी बुहारीले नअँगालेपछि यो लोप हुने स्थितिमा पुगेको अगुवा महिला नै बताउँछन् । "हुन त यो अन्धविश्वासको परम्परा हो" भङ्गाहा नगरपालिकाका उपप्रमुख शान्तिदेवी सिंह थारु भन्नुहुन्छ, "तर मिथिला संस्कृतिको अभिन्न अङ्ग भनिने गरिएकाले यसलाई परिमार्जित गर्दै संरक्षण गर्न जरुरी छ ।" तान्त्रिक विधिको यो गीत-नृत्य अब एक समयको कथाजस्तो बनि सकेको उपप्रमुख थारुको थप भनाइ छ ।

मिथिलामा हराउँदै गएको यो संस्कृतिलाई केही वर्षयता गैरसरकारी सामाजिक सङ्घसंस्थाहरुले यदाकदा देखाउने गरेका भएपनि जनमनबाट भने हराउँदै गएको यहाँका बुद्धिजीवीको भनाइ छ । "यो औपचारिक कार्यक्रममा मञ्चन गरिने होइन, संस्कृतिसँग जोडिएको कुरा हो" महोत्तरीको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण बिद्यापिठका उपप्राध्यापक मनोज झा मुक्तिले भन्नुभयो, "गैरसरकारी संस्थाले मञ्चमा मञ्चन गरेर यो थेगिदैन, जनमनले नै थेग्नुपर्छ ।" मिथिला संस्कृतिको अभिन्न अङ्ग मानिएको झिझिया गीतको नृत्यलाई जिवन्त राख्न पछिल्लो पुस्ताले चासो बढाउन झासहितका बुद्धिजीवीको सुझाव छ ।



अब झिझियाको लयमा नारी शिक्षाको अवस्था, सुरक्षा अवस्थाको चुनौती र वर्तमान परिवेशसँग मेल खाने भाव समेटेर यसलाई परिष्कृत गर्न पर्ने अगुवा मिथिलानी बताउँछन् । यस्तो गर्न सकिएमा लोकपरम्पराको जगेर्ना र वर्तमान आवश्यकताको कुरा व्यक्त हुनसक्ने भङ्गाहा-३ कटैयाकी रामराजी यादवको भनाइ छ । "नयाँ पुस्ताका युवा छोरी-चेलीहरु वास्ता देखाउँदैनन्' यादवले भन्नुभयो-, 'अब त झिझिया भन्ने कुरा कुनै जमानाको कथा जस्तो गरी सुनाउने स्थिति भइसक्यो, यो अवस्था अन्त्यका लागि हामीले नै पहलकदमी लिनपर्छ ।" 'चलचल गे डैनिया कदम तर तोरा बेटाके खैबौ बरमतर' (अरे दुष्टात्मा तँ अगाडि कदमको रुखतिर त बढ, तेरो छोरालाई त्यहीं ब्रह्मस्थान नजिक हामी खानेछौं) दुष्टआत्माकी भनिएकी कथित बोक्सीलाई सतोसराप गर्दै गाइने यी गीत र यसको तालमा नाचिने झिझिया नृत्यलाई यसैको ताल र लयमा नयाँ परिवेशसँग मिलाएर अघि बढ्न पर्ने आवश्यकता अब औंल्याउन थालिएको छ । "अब डायनी, बोक्सी भनेर गाली गरिने यी गीतको भावमा अधिकार प्राप्तिका लागि सचेतता बढाउँने, रुढी परम्पराको ठाउँमा समानता र न्यायका पक्षका लडाँइका भाव मिलाउनु पर्छ" बर्दिवास-१२ बिजलपुराकी महिला नेतृ गीतादेबी महतो भन्नुहुन्छ, "झिझियालाई यसरी परिष्कृत गर्दै अघि बढे यसलाई मुलुकको समानता र न्यायको आन्दोलनकै अङ्ग बनाउन सकिनेछ ।"

झिझिया गीतमा देवी दुर्गाको प्राथना, बोक्सी भनिने दुष्टआत्मालाई गाली र सन्तानको कल्याण र दीर्घायुको कामनाको भाव हुन्छ । गीतको तालमा असङ्ख्य प्वालैप्वाल भएको घैंटो टाउकामा राखेर नाच्ने महिलाको नृत्यताल मनमोहक हुने गर्छ । भित्र बत्ती बालिएको सो घैंटोमा पारिएका प्वाल दुष्टआत्माले गन्यो भने नाच्नेको मृत्यु हुने भनाइ रहेकाले नाच्ने महिला फनफनी नाचेर प्वाल गन्न नसकिने अवस्था बनाउँछन् । मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग मानिने यो परम्परा अब लोप हुने अवस्थामा पुगेको हो ।

पुरानो यो लोकसंस्कृति कायम राख्न अब यसलाई समयअनुसार परिष्कृत गर्दै अघि बढ्नु पर्नेमा पाका मैथिल पनि सहमत देखिन्छन् । यो अभिभारा नयाँ पुस्ताले उठाउन पर्ने पाका मैथिलको सुझाव छ । दसैं पर्वको मैथिल लोकपरम्पराको 'ढोल' र 'झिझिया' जिवन्त राख्न नयाँ पुस्ताको चासोबिना सम्भव नहुने मैथिल बुद्धिजीवी बताउँछन् ।

"यो परम्परा धान्दै आएका पुरानो पुस्ताका हरु अब शरीरले नै लाचार भए, उनीहरुले चाहेर पनि गर्न सक्दैनन्" राष्ट्रिय माध्यमिक विद्यालय पशुपतिनाथ बनर झुल्ला (बर्दिबास-९) का प्रधानाध्यापक हरिदेव महतो भन्नुहुन्छ, "हाम्रा विशिष्टता झल्काउने रितिथिति, परम्परा थेग्न, त्यसलाई प्रबर्द्धन गर्न नयाँ पुस्ताको चासो आवश्यक भएको हो ।" यसरी यी परम्परा जोगाई राख्न तीभित्रका जडतालाई परिष्कृत गर्दै समयअनुसारको भाव जोड्न नसके यो बचाउन सकिने महतोको राय छ । रासस

# दसैँमा मौसम सामान्यतया सफा रहने

काठमाण्डु । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार यसपालीको दसैँमा मौसम सामान्यतया सफा रहने जनाएको छ ।

महाशाखाका मौसमविद् रोजन लामिछानेले दसैँमा मौसम सफा रहने बताउनुभयो । "दसैँमा मौसम सफा रहने देखिन्छ । देशका पहाडी भेगका एक/दुई स्थानमा बदली र हल्का वर्षा रहेपनि सामान्यतया मौसम राम्रो रहने देखिन्छ", उहाँले भन्नुभयो ।

महाशाखाले बिहीबार साँझ या भोलि शुक्रबार दसैँको विशेष बुलेटिन जारी गर्ने तयारी गरेको छ । मौसमी अवस्थाबारे विज्ञहरुबीच छलफल भइरहेकाले छिट्टै दसैँ बुलेटिन आउने मौसमविद् लामिछानेले बताउनुभयो ।

हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव छ । जसका कारण अहिले देशका पहाडी भू-भागका एक दुई स्थानमा मेघगर्जन/चट्याङगसहित हल्का वर्षाको सम्भावना छ । देशको उच्च पहाडी तथा हिमाली क्षेत्रका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना छ । रातिको समयमा कोशी र गण्डकी प्रदेशको पहाडी भू-भागका एक/दुईस्थानमा मेघगर्जन/चट्याङगसहित हल्का वर्षाको सम्भावना छ ।

शुक्रबार पनि कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागमा मेघगर्जन/चट्याङगसहित हल्का वर्षाको सम्भावना छ । रासस

# सोनामाई मन्दिरमा तान्त्रिक मेला




महोत्तरी । यहाँकोप्रसिद्ध शक्तिपिठ सोनामाई मन्दिरमा तान्त्रिक मेला सुरु भएको छ । औरही नगरपालिका-७ भोइलस्थित सो मन्दिरमा नवरात्रको पाँचौं दिन परम्पराअनुसार बिहीबार तान्त्रिक मेला सुरु भएको हो । स्थानीयबासी यसलाई 'भूतमेला' पनि भन्ने गर्दछन् । नवरात्रको पञ्चमीदेखि नवमी तिथिभर रहने यो मेलामा दुष्टात्माबाट सताइएका भक्तजनले देवीसँग कष्ट निवारणका लागि पुकार्छन् । यसरी पुकारेपछि दुष्टात्माले छोड्ने विश्वास गरिन्छ ।

वर्षौंदेखि भूत, पिसाच, जादुटुनाको कुचक्र र बोक्साबोक्सीबाट सताइएर जीवन र मृत्युको दोसाँधमा परेका मानिस मन्दिर सीमाक्षेत्रमा प्रवेश गरेलगत्तै भुईमा लडिबुडी गर्ने, रुने, हास्नेजस्ता असमान्य गतिविधि देखाउने र मुख्य मन्दिरमा पुगेपछि सोनामाईको कृपाले निको भएर घर फर्कने गरेका मन्दिरका मुख्य पुजारी केदार झा बताउनुहुन्छ ।

पञ्चमीदेखि नवमीसम्म आयोजना गरिने यो मेलामा मधेश प्रदेशभरिकै र छिमेकी भारतको सीतामढी, मधुवनी, चम्पारन, शिवहर र मुजफ्फरपुर जिल्लाका भक्तजनको पनि यहाँ घुइँचो लाग्ने गरेको छ । यो तन्त्र साधनाका लागि उपयुक्त अवसर पनि मानिन्छ । कति तन्त्रमन्त्र, टुनामुना सिक्न चाहने व्यक्ति पनि यहीँ नै गुरु थापेर यो विधिको अभ्यास पनि गर्छन् ।

यहाँ तन्त्रसाधना गराउने गुरुले मानवहितलाई सर्वोपरी राखेर साधना गर्न सिकाउने पुजारी झाको भनाइ छ । सोनामाई शक्तिपीठमा दर्जनौं धामीझाँक्री रातदिन भजनकीर्तन र भूत भगाउने काममा तल्लीन रहन्छन् भने यस अवधिमा माता दुर्गा यहाँ प्रत्यक्ष विराजमान भएर पीडितको कष्ट निवारण गर्नुहुने मान्यता रहेको उहाँको भनाइ छ । माताको दरबारमा एक पटक पुग्ने पीडितको शरीरमा जीवनमा फेरि कहिल्यै पनि यस्तो असर नपर्ने जनविश्वास रहेको छ ।

मेलाको पारम्पागत र सांस्कृतिक महत्व भए पनि भूतमेलासँग जोडिएर आउने बोक्साबोक्सी र कथित दुष्टात्माको कुरा भ्रममात्र भएको नयाँ पिँढीका युवा बताउँछन् । बडादसैं पर्वमा देवी दुर्गाको महत्व उजागर गर्नु र मातृसत्ताप्रति श्रद्धाभाव जगाउनु उन्नत संस्कार भए पनि यससँग जोडेर भूतप्रेत, बोक्साबोक्सीजस्ता अन्धविश्वासको पछि लाग्न नहुने र मेलाको यो पक्षलाई परिस्कार गरिनपर्नेमा भङ्गाहा-४ का युवा रामईश्वर ठाकुर जोड दिनुहुन्छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# कार्कीको विद्रोह अनुमोदन

कोशी प्रदेशमा नेपाली कांग्रेसका नेता केदार कार्कीको विद्रोहलाई अनुमोदन गरिएको छ। कार्कीलाई राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)बाहेक प्रदेश सभाका सबै दलले विश्वासको मत दिएका छन्। कोशी प्रदेश सभामा सबैभन्दा ठूलो दलको रुपमा नेकपा एमाले रहेका छन्। तर एमालेसित बहुमत छैन्। एमालेलाई राप्रपाले समर्थन गरे पनि बहुमत पुग्दैन्। त्यस बाहेकका दलहरु संघीय सत्ता गठबन्धनमा छन्। सत्ता गठबन्धनसित बहुमत छ। तर सभाको अध्यक्षता गराउँदा गठबन्धनसित पनि बहुमत कायम रहँदैन्। सर्वोच्च अदालतले बहुमतका लागि सभाको अध्यक्षता गर्ने बाहेकको संख्या हुनुपर्ने व्याख्या गरेको छ। एमालेले गठबन्धनको सरकार बन्न नदिन गरेको राजनीतिक प्रयासहरु सफल भएका छन्। कांग्रेसमा विद्रोह गराएर कार्कीलाई एमाले मुख्यमन्त्री बनाएका छन्। कार्कीलाई मुख्यमन्त्री बनाउँदा कांग्रेसका विद्रोही ८ जना र एमालेका ३९ जनासहित ४७ जना भएर बहुमतको सरकार गठन भएको छ। तर कार्कीलाई ८५ जना सभासदले विश्वासको मत दिएका छन्। कार्कीले पाएको विश्वासको मतमा कांग्रेसका पनि सबै सभासदको मत रहेको छ। मुख्यमन्त्रीमा कार्कीले दाबी पेश गर्दा कारबाहीको माग गर्नेहरुले पनि उनको पक्षमा मतदान गरेका छन्। कांग्रेसका सबै सभासदले कार्कीको पक्षमा मतदान गरेर उनले गरेको विद्रोहलाई अनुमोदन गरेका छन्। कार्कीको विद्रोह कांग्रेसकै सहमतिमा भएको सन्देश बाहिरिएको छ। कार्कीलाई कारबाही गर्दा कांग्रेसको संसदीय दल नै टुक्रिने अवस्था थियो। त्यसको प्रभाव तत्काल संघीय सरकारमा समेत पर्ने थियो।कार्कीलाई विद्रोह गर्न प्रेरित गरेका डा.शेखर कोइरालाले एमालेसित मिलेर संघीय सरकार विरुद्ध जान सक्ने बलियो सम्भावना थियो। डा.कोइरालाले विद्रोह गर्दा संघीय सरकार पनि ढल्न सक्ने स्थितिलाई दृष्टिगत गरी कोशी प्रदेशमा कार्की नेतृत्वलाई नै अनुमोदन गर्न गठबन्धन बाध्य भएको देखिन्छ। कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सहमतिको सरकार गठन गर्ने बताउन थालेका छन्। त्यसो भए सरकारमा कांग्रेस, माओवादी, जसपा र नेकपा एस पनि सहभागी हुन सक्छ। एमाले सरकारमा सहभागी भइसकेको छ। तर माओवादी र नेकपा एसले सरकारबाट एमालेलाई हटाउनु पर्ने दबाब दिइरहेका छन्। एमालेलाई सरकारबाट हटाउँदा कार्की सरकारलाई फेरि पनि संकट आउने निश्चित छ। कांग्रेसले कार्की नेतृत्वको सरकारलाई निरन्तरता दिन एमालेसित पनि तालमेल जारी राख्ने पक्षमा देखिएका छन्।

# दुर्गा पूजाको छैटौ दिन कात्यायनीको पूजा

दूर्गा पुजनोत्सवको क्रममा छैटौ दिन माता कात्यायनीको पूजा गरिन्छ। कात्य गोत्रमा विश्व प्रसिद्ध महर्षि कात्यायनले भगवती पराम्बाको उपासना गरे।

पुत्री लाभका लागि उहाँले कठिन तपस्या गर्नुभयो। उहाँको कठोर तप एक दिन सफल भयो।माता भगवती उहाँको घरमा पुत्रीको रुपमा जन्म लिनु भयो। त्यसकारण उहाँ कात्यायनीको रुपमा विख्यात हुनु भयो।

महर्षि कायत्यायनको घरमा अवतरित देवी नै कात्यायनी रहेको धर्मग्रन्थहरुमा उल्लेख छ।

नवरात्रीमा छैटौ दिन पुजा गरिने देवी कात्यायनी अत्यन्त दयालु मानिन्छ।



*चंद्रहासोज्ज्वलकरा शार्दूलवरवाहना।*
*कात्यायनी शुभं दद्याद्देवी दानवघातिनी॥*

उहाँको उपासना र आराधनाले भक्तहरुलाई बहुत सहज ढंगले अर्थ, धर्म, काम र मोक्ष चारवटै फलको प्राप्ति हुन्छ। भक्तहरुको रोग, शोक, संताप र भय नष्ट हुन्छ। उहाँको भक्ती अराधनाले सम्पूर्ण पाप नष्ट हुन्छ।कात्यायनी माताको कृपाले साधकलाई सबै प्रकारको शान्ति र वैभव प्राप्त हुन्छ।

उहाँको गुण शोध कार्य हो। त्यसकारण वर्तमान वैज्ञानिक युगमा कात्यायनीको महत्व सर्वाधिक बढी हुन्छ। उहाँको कृपाले नै सम्पूर्ण कार्य पुरा हुन्छ। माता कात्यायनी वैद्यनाथ नामक स्थानमा प्रकट भै पुजिएकी हुन्। माता कात्यायनी अमोघ फलदायिनी हुन्। भगवान कृष्णलाई पतिको रूपमा प्राप्त गर्न ब्रजका गोपिनीहरुले उहाँकै पुजा गरेका थिए।

यो पूजा कालिंदी यमुनाको घाटमा गरिएको थियो।त्यसै कारण उहाँ ब्रजमंडलको अधिष्ठात्री देवीको रूपमां प्रतिष्ठित हुनभएको छ। उहाँको स्वरूप अत्यंत भव्य र दिव्य हो। यो स्वर्ण को समान चम्किलो र भास्वर हो। उहाँ चार भुजाधारी हुनुहुन्छ।उहाँको चार हात मध्ये दाहिने तर्फको माथिल्लो हात अभयमुद्रमा छन्।

दाहिने तर्फको तलको हात वर मुद्रामा रहेको छ।माता कात्यायनीको बायाँ तर्फको माथिल्लो हातमा तलवार सुशोभित छ।बायाँ तर्फको तलको हातमा कमलको पुष्प सुशोभित छ।

माता कात्यायनीको पूजा उपवासले परमपदको प्राप्ति हुन्छ।

त्यसलै भनिन्छ, उहाँको उपासना र आराधनाले साधक,भक्तहरुलाई बहुत सहज ढंगले अर्थ, धर्म, काम र मोक्षको प्राप्ति हुन्छ।

माताको कृपाले शोक, सन्ताप र भय नष्ट हुन्छ।मानव जन्मको सम्पूर्ण पाप नष्ट हुन्छ।

# भावी पुस्ताहरुको संरक्षण



प्राडा धनरत्न शाक्य

नागरिकका रूपमा जिऔं, शासकका रूपमा शासन गरौं, किसानका रुपमा खेती गरौं, उद्योगी भएर कलकारखाना, उद्योग सञ्चालन गरौं, मजदुरी गरौं, कर्माचारी योजनाकारका रुपमा निर्णय गरौं या पेशाकर्मीका रुपमा कुनै सेवा, शिक्षा, स्वास्थ्य, पर्यटन आदि क्षेत्रमा पेशाधर्म निभाऔं। जे गरेपनि आखिर केका लागि? के भए हाम्रो अभीष्ट पूरा हुन्छ र हामीलाई वास्तविक सन्तोष मिल्छरु सफल जीवन र सुरक्षित भविष्य? यसको उत्तर पक्कै पनि सफल जीवन र सुरक्षित भविष्य, अर्थात् भावी पुस्तामा गएर नै पूरा हुनेगर्छ। प्रकृतिले हर जीवनलाई यो धर्तीमा पुस्ता हस्तान्तरणको जिम्मेदारी र यसमा नै असिम सुख-शान्ति र सन्तोक दिएको छ। मनुष्य जाति यस कुरामा चुकेको देखिन्छस वर्तमान सुखको लहड र ध्याउन्नमा भविष्यप्रति खेलवाड गर्ने र भावी पुस्तालाई ख्याल नराखी जिउने, निर्णय लिने र व्यवहार गर्ने प्राणी मान्छे नै देखियो। पशुपन्छी र बोटबिरुवाहरु जीवन जिउँछन् र पुस्तान्तरण गर्दछन्।

यो जीवन जगतको बिनास र अधोगति हुने काम मनुष्य जातीबाटै हुन गइरहेको विश्व इतिहास र कालखण्डहरुका प्रवृत्तिले देखायो एकातिर भने यसतर्फ सचेत सजग भएर धरती, वातावरण र भावी पुस्ताको रक्षा गर्न त्यसलाई नीतिगत रुप दिएर रुपान्तरण गर्ने प्रयास पनि अर्कोतिर हुँदैछ। सन् २०२३ को अक्टोबर १९ को बायो इथिक्स दिवसले भावी पुस्ताहरुको रक्षा, संरक्षणको मुद्दा उठाएर यसतर्फ चिन्तन्, मनन्, मन्थन् र व्यवहारिक रुपान्तरणका लागि सबैलाई झकझकाएको छ। मानव मूल्य, मान्यता र अधिकारको विश्वव्यापी घोषणा को सोह्रौं सिद्धान्तको रुपमा भावी पुस्ताहरुको संरक्षण भन्ने अवधारणा रहेको छ।

यस विश्वमा अहिलेसम्म देखिएका विकास र आर्थिक उन्नति हावा, पानी, माटो, बनजंगल, जस्ता प्राकृतिक स्रोतहरुमा आधारित देखिन्छ। यही हिसाबले यो प्रवृत्ति अगाडि जाने हो भने यो पृथ्वी झन् झन् बढी प्रदूषित हुँदै, कोलाहलपूर्ण हुँदै जाने, पर्यावरणीय बिनास हुँदै जाने र यसमा साधनस्रोत रित्तिँदै जाने देखियो। यसै पृष्ठभूमिमा दिगो विकास अर्थात् विनासरहित विकासको अवधारणा सन् १९८७ मा अगाडि आएको हो। त्यस्तो विकास जसले वर्तमान पिँढीका अधिकार र आवश्यकताहरूलाई भावी पुस्ताको पनि ध्यान राख्दै पुरा गर्न सक्छ, यहि नै यो युगको लागि चुनौति र आवश्यकता भएको छ। यस्तो वर्तमान र भावी दुवै पुस्ताका आवश्यकता र अधिकारहरुलाई रक्षा र सुनिश्चित गर्ने अनेकन् अन्तर्राष्ट्रिय घोषणा र दस्तावेजहरुमा सन् १९९७ को रियो घोषणा एक उल्लेखनीय हो। जसको चौथौं धारामा भविष्यप्रतिको वर्तमानका हाम्रो दायित्वको नीतिगत अवधारणा रहेको छ। यो विश्व र वातावरण वर्तमान पुस्ताले भावी पुस्तालाई विनाश नभएको अवस्थामा सुम्पनु पर्‍यो। विज्ञान र प्रविधिले विज्ञान र प्रविधिले मानिसका क्रियाकलाप र प्रवृत्तिलाई यसरी बदलिदियो कि यसले अहिलेका मानिसहरूको जीवन मात्र नभई भावी पुस्तालाई समेत गम्भीर रुपमा प्रभावित पारेको छ। वर्तमान यथार्थ के भने, मानव जाति परस्पर एक आपसमा निर्भर र सम्बन्धित छन्स एक ठाउँको वातावरणीय प्रकोपबाट अर्को क्षेत्र र पिँढिलाई असर गर्दछ।

त्यसैले, हाम्रो एउटै मात्र पृथ्वी र यससँग जोडिएको हाम्रो अस्तित्वको चेतना महत्वपूर्ण हुँदै गएको छ। वर्तमानका मानिसहरुले जे जस्तो क्रियाकलाप गर्दछन्, त्यसले भावी पिँधिका मानिस र अन्य जीवनहरूको रक्षा र तिनका विकास र आवश्यकताको प्रत्याभूति हुनुपर्छ र यस हिसाबले आउने पिँढीको अधिकारप्रति वर्तमान पिँढीको जिम्मेवारी न्यायसंगत देखिन्छ। अबका दिनमा आवाज विहिन भावी पुस्ताको आवाज, सरोकार र कुरा उठाउने र त्यसको वकालत गर्ने एकाइ वा संयन्त्र क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा हुनुपर्ने अवधारणाको उजागर भएको छ। कुनै पनि निर्णय लिँदा यस्तो संयन्त्र जसले भावी पुस्ताको प्रतिनिधित्व गरोस् उनीहरूको आवाज अधिकार र सुरक्षाको प्रत्याभूति गरोस्, त्यस्तो संयन्त्रको स्थापना हुन थालेको छ।

आधुनिक विकासे प्रविधिबाट उत्पादित खाद्यान्न प्रयोग गर्दा मानिसको स्वास्थ्य र जीवनमा पर्ने असर, जैविक वंशाणु प्रत्यारोपण किटनासक, प्रतिजैविकी एन्टिबायोटिक्सको अन्धाधुन्ध प्रयोग आदिले मानव, अन्य जीवन र वातावरणमा पर्ने असरले भावी पुस्ताको स्वास्थ्य र जीवनको बारेमा गम्भीर प्रश्नहरु खडा गरेको देखिन्छ। यस्तो अवस्थाबाट यदि स्वास्थ्य र जीवनमा गम्भीर प्रभाव पर्ने देखिएमा असरसम्म पर्खेर बस्न सकिँदैन।यथाशिघ्र यसतिर ध्यान दिएर कदम चाल्नुपर्ने आवाज र अवधारणा अगाडि आएको छ। एक व्यक्तिको जीवनमा हेर्ने हो भने, आफ्ना अभिभावक र ठुला मान्छेहरुबाट व्यवहार, संस्कार, कुनै कुराप्रति हेर्ने, बुझ्ने र व्यवहार र प्रतिक्रिया जनाउने प्रवृत्ति सिक्दछ। यस्ता अभिभावक पनि हुन्छन् जो एक हातले चुरोट पछाडि लुकाएर अर्को हातले आफ्ना सन्तानलाई नसा सेवन नगर्न चेतावनी दिन्छन्। आफू सामाजिक सञ्जाल, मोबाइलमा लिप्त भएर बच्चाहरूलाई भने किताब पढ्न र होमवर्क गर्न कुर्लन्छन्। आजभोलि हाम्रो जीवनशैली यस्तो भएको छ कि व्यायाम र सामाजिक जीवन न्यून हुन्छ। दिन र रातको चक्र गिजोलिएकोछ र यस परिस्थितिमा पनि हामी भविष्य भने सभ्य, सुरक्षित, खुशी र प्रगतिशील होस् भन्ने चाहना राख्दछौं। प्रश्न यो छ कि हाम्रा सन्तान र भावी पुस्ता हामीले चाहे जस्तै सुरक्षित र खुसी हुन सक्छन् कि सक्दैनन्।

हाम्रो व्यक्तित्व र व्यवहारबाट प्रभावित भएर मनोवैज्ञानिक, सामाजिक, जैविक, समग्र रुपमा रुपान्तरित र प्रकट हुने हुन् मानव भविष्य, हाम्रा सन्तान। हामी वर्तमान पिँढीले नै भावी पुस्तालाई व्यवहार, प्रवृत्ति र संस्कार सहित साधनस्रोत दिने हो। हामी कस्तो प्रवृत्ति, व्यवहार, संस्कार दिँदैछौंस सामाजिक रुपमा वर्तमान पुस्ताले आफ्ना सन्तानलाई तनाव दिँदैछ कि सहारा, भरोसा दिँदैछरु हाम्रा व्यवहार र प्रबृतिबाट भावी पुस्ता के देखेर सिकेर कस्तो मनोवृत्ति र व्यवहार अंगाल्दै छन्रु सँगसँगै जैविक प्रक्रियाहरु पनि शरीर र मस्तिष्कमा स्वतस् चल्दछन् जसले स्नायु कोष, बंषाणुको तहसम्म प्रभाव र असर पार्दै वर्तमान पिँढीको स्वास्थ्यको तय हुनजान्छ। अहिलेको पुस्ताको व्यवहार, प्रवृत्ति र संस्कारले आउने पिँढीको व्यवहार, प्रवृत्ति र संस्कार प्रभावित हुँदै जाँदा हामी भावी पुस्तालाई कस्तो व्यवहार, प्रवृत्ति र संस्कार दिँदैछौं, जिउने आधार यो धरती कुन अवस्थामा छाडेर जाँदैछौं, स्वास्थ्यको स्थिति कस्तो रहने हालमा हस्तान्तरण गर्दैछौं ?

मानसिक रोग धेरै मानिसलाई लाग्छ। रोग लागेमा आवश्यक पर्ने उपचार, व्यवस्थापन र सेवाहरु तथा यसका रोकथामका आवश्यक पूर्वाधारहरु केकस्तो तयारी हालमा छाड्ने छौं रु गम्भीर प्रकृतिका मानसिक रोग लागेमा एकातिर तिनका सन्तान प्राप्तिको चाहना मानवअधिकारको रुपमा भने अर्कोतिर सन्तानलाई रोग हुने उच्च खतरा नितिगत अन्यौल बीचमा व्यावहारिक निर्णय टड्कारो तेर्सिन्छ। कृतिम बुद्धि, मस्तिष्कमा चिपको प्रत्यारोपण, डिजिटल लत यस्ता गम्भीर चुनौतीहरुका रुपमा आएका छन्, जुन स्वास्थ्यको पर्याप्त चेतना, स्रोत र आवश्यक तयारी बिना अहिलेको पिँढीले झेल्नु परेको देखिन्छ। यसले भावी पुस्ताको मन, मस्तिष्क र जीवनलाई गम्भीर रुपमा प्रभावित पार्ने निश्चित छ।

यस्तो अवस्थामा भावी पुस्ताप्रति जिम्मेवार शिक्षा, अनुसन्धान र प्रविधिको अवधारणा आवस्यक भएको छ। ब्यक्तिगत, सामाजिक, राष्ट्रिय र अन्तर ाष्ट्रिय, सबै तह र तप्का, आ (आफ्नो तर्फबाट भावी पुस्ताप्रतिको कर्तव्य र जिम्मेवारीलाई व्यावहारिक हिसाबले अबलम्बन गर्ने सवालमा देखा पारेका चुनौतीहरु चिर्दै कसरी समाधान हासिल गर्न सकिन्छ भन्ने तर्फ यस घोषणाको धारा १६, सन् २०२३ को बायो इथिक्स दिवसको नाराले सबैलाई झकझकाएको छ। आफ्नो जीवन सफल, सुखद र सुरक्षित रुपमा जिएर भावी पुस्तालाई पनि त्यस्तै र अझ बेहतर जीवन जगतको आधार निर्माण गर्न सकोस् भन्ने शुभकामना छ।

# जनकपुरधामको बेथिति

ऋषिकेश यादव

जनकपुरको इतिहास एकदम पुरानो छ। यो पहिला मिथिला राज्यको थियो र जनकपुर मिथिला राज्यको राजधानी थियो। राजा जनक मिथिला राज्यको राजा हुनुहुन्थ्यो। यो जनकपुर धनुषा जिल्लामा पर्छ। जनकपुर धार्मिक स्थल पनि हो। यहाँ विभिन्न मन्दिरहरु छन् जस्तै जानकी मन्दिर, लक्ष्मण मन्दिर, जनक मन्दिर, राम मन्दिर, राजदेवी मन्दिर, संकटमोचन मन्दिर आदि। जनकपुर २७४३'४३" अक्षांश तथा ८५°५५'३०" देशान्तरको बीच अवस्थित छ।

पहिलेको र अहिलेको जनकपुरमा धेरै नै फरक छ। पहिला तिर मान्छेहरू जनकपुरको नाम सुन्दा आहा भन्थे भने अहिले त्यति सुनिदैन। सांस्कृतिक रुपले पनि भरिपूर्ण छ जनकपुर। जनकपुरको बासिन्दाले विभिन्न चाडपर्वहरु मनाउछन्। हुनत अरु जातजातिको मानिसहरुको बसोबास रहेको छ तर हिन्दुहरुको धार्मिक स्थल भएको हुनाले हिन्दुहरुलाई विशेष प्राथमिकता छ। होलि हुनुभन्दा पहिला मिथिला परिक्रमा पनि हुन्छ यो १५ दिनको हुन्छ।

जनकपुरमा रोजगारीको अवसर भने खासै देखिदैन। जनकपुरको युवाहरु रोजगारी नपाएर बिच्ली भएको छ। जनकपुर एक धार्मिक स्थल भएकोले, यहाँको मानिसहरुले पर्यटकहरुलाई गाइड गरेर पनि आफ्नो जीविका चलाउन सक्छ। एउटा सफा र स्वछ होटल खोलेर पनि आफ्नो व्यवसाय गर्न सक्छ। पर्यटको लागि ट्राभल एजेन्सी पनि खोल्न सकिन्छ। जनकपुरमा विभिन्न खालको जातजातिहरुको बसोबास छ। जनकपुरमा विभिन्न जिल्लाबाट पनि मानिसहरु आएर बसेका छन्। जनकपुरमा सामाजिक सद्भाव पनि एकदम राम्रो छ। जनकपुरमा एकले अर्कोलाई सहयोग पनि गर्छ। जनकपुरमा कुनै पनि मानिसले आफुलाई भेदभाव वा छुवाछूत गरेको छ भनेर भावना राख्दैन।

जनकपुरमा विभिन्न राजनीति दलहरुको स्थापना भएको छ। नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी, नेकपा एकृकित समाजवादी, जनता समाजवादी पार्टी( जसपा), लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा), जनमत पार्टी आदि। यी राजनीति दलहरुले जनकपुरमा विकास निर्माणको काम पनि गरेका छन्। विभिन्न आन्दोलनहरुको सुरुवात जनकपुरबाट नै भएको छ। पछिल्लो चरणमा आएर राजनीति उथलपुथलले अलि जनकपुरको विकासमा असर गरेको छ।

जुन बेला देखि जनकपुर स्थाई प्रदेशको राजधानी भयो, त्यो बेला दखि जनकपुर अलि नरकपुर जस्तो भयो। पहिले भन्दा जनकपुर अहिले अलि बढी नै फोहोर भएको छ। जनकपुरमा गाडी पार्किङ गर्ने ठाउँ छैन।जनकपुरमा फुटपाथ त बन्यो तर फुटपाथमा मानिसहरु न हिडेर सडकमै हिडिरहेको हुन्छ। फुटपाथको सहि रुपले सदुपयोग हुनसकेको छैन।

पहिले त जनकपुरमा बढी हस्पिटल र स्कुलहरु अधिक मात्रका थिएन। अहिले जति पनि खुलेको छ हस्पिटल र स्कुलहरु त्यो पनि बिना दर्ताको छ। यस्तो चिजहरुमा हाम्रो मेयर तथा उपमेयको ध्यान जाँदैन। जनकपुरधाम उपमहानगरपालिकाले चलाएको स्वछ जनकपुरधाम अभियान पनि त्यति प्रभावकारि हुन सकेन।



जनकपुरमा उधोग, कारखानाको अभाव छ। यदि उधोग, कारखाना भयो भने रोजगारीको सृजना हुन्छ। जनकपुर प्रदेशको राजधानी भएको हुनाले पनि यहाँ अधिक मात्रामा उधोग, कारखाना हुनुपर्छ। जनकपुरमा उत्पादनको कमी छ। फुटपाथ व्यवसायीहरुलाई नगरपालिकाले व्यवस्थित गर्दिनु पर्यो। नगरपालिकाको मानिसहरु कहिलेकाही चेक गर्न आउदा ठेलामा राखेको सामानहरु सडकमा फाल्ल दिन्छन्। यदि कुनै बेला ठेलाबालाहरु सडकमा आफ्नो सामान बेचिएको हुन्छ अनि यदि रोडमा जाम भयो भने त्यो दोष पनि ठेलाबालाहरुलाई नै जान्छ।

जनकपुरधाम उपमहानगरपालिकाको कर्मचारीहरु अलि उड्ड छन्। उनीहरू जनताको काम पटकै गर्दैन। यदि सरकारको कर्मचारी हो भने उनीहरु जनताको सेवक हो न त जनताको मालिक। यदि कुनै व्यक्ति नगरपालिकामा काम लिएर गयो भने कर्मचारीहरुको काम गर्ने इक्छा नै हुदैन।

जनकपुरको सान वा मान राखेको एक मात्र मन्दिर जानकी मन्दिरलाई अहिले सम्म पनि विश्व सम्पदा सुचिमा राखेको छैन। यस वर्षको नीति तथा कार्यक्रममा भनेको थियो कि जानकी मन्दिरलाई पनि विश्व सम्पदा सुचिमा राखिने छ भनेर तर अहिले सम्म राखेको छैन।

निष्कर्षमा जनकपुरको बेथिति हटाउन जनकपुरधाम उपमहानगरपालिकाको एकदम महत्त्वपूर्ण भुमिका हुनुपर्छ। जब सम्म जनकपुरधाम उपमहानगरपालिकाले जनकपुरको बेथिति हटाउन आफ्नो कदम चाल्दैन तब सम्म जनकपुरको बासिन्दाले पनि साथ दिदैन। जनकपुर एक धार्मिक स्थल भएकोले पनि जनकपुरको बेथिति हटाउनुपर्ने जरुरी छ। जनकपुरधामको नगरपालिका र मधेश प्रदेश सरकार मिलेर जनकपुरको बेथिति हटाउनु पर्छ।

# विपद् जोखिम न्यूनीकरणमा सहकार्य गर्ने नेपाल र चिनियाँ अधिकारीबीच छलफल

बेइजिङ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी विषयमा सहकार्य गर्ने नेपाल र चिनियाँ अधिकारीबीच छलफल भएको छ । चीन भ्रमणमा रहेको नेपाली प्रतिनिधिमण्डल र चीनको आपत्कालीन व्यवस्थापनसम्बन्धी निकायका अधिकारीबीचको छलफलमा जोखिमका पूर्वानुमान गर्ने, खोज तथा उद्धार टोलीको क्षमता अभिवृद्धि गर्नेलगायत विषयमा कुराकानी भएको थियो ।

नेपाल र चिनियाँ अधिकारीबीच जोखिमको अनुगमन, भू-उपग्रहमार्फत तस्वीर खिचेर बाढी पहिरो, डढेलोजस्तो प्रकोपको पूर्वसूचना प्रणाली सञ्चालनमा ल्याउने तथा आपत्कालीन स्थितिमा खटिनुपर्ने खोज तथा उद्धार टोलीलाई क्षमता अभिवृद्धि गर्ने, नेपाल सरकारको गृह मन्त्रालय, प्राधिकरणलगायत सरोकारवाला निकायका कर्मचारीको क्षमता अभिवृद्धि गर्नेबारेमा छलफल भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले जानकारी दिनुभयो ।

सो क्रममा बेल्ट एण्ड रोड इनिसियटिभ (बिएरआई)का कामसँगै जोखिम न्यूनीकरण र आपत्कालीन व्यवस्थापनका लागि एशियाली क्षेत्रमा सहकार्य गर्नेबारेमा छलफल भएको उहाँको भनाइ थियो । सन् २०१९ मा चिनियाँ राष्ट्रपति सी चिनफिनले नेपाल भ्रमण गर्नुभएका बेला दुई देशबीच सोसम्बन्धी समझदारी भएको थियो ।

छलफलमा नेपालका तर्फबाट गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई, परराष्ट्र मन्त्रालयका सहसचिव अमृतबहादुर राई, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख पोखरेललगायत तथा चीनका तर्फबाट त्यहाँको आपत्कालीन व्यवस्थापन मन्त्रालयका उच्च अधिकारी सहभागी हुनुहुन्थ्यो ।

नेपाली प्रतिनिधिमण्डलले २०७२ सालको भूकम्प पछाडि चीन सरकारले तत्काल राहत तथा उद्धार एवं पुरातात्विक सम्पदाको पुनःनिर्माणमा गरेको सहयोगप्रति धन्यवाद ज्ञापन गरेको थियो ।रासस

# राष्ट्रसङ्घका महासचिव नेपाल आउँदै, परराष्ट्रमन्त्री अमेरिका जाँदै



काठमाण्डु । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले यही कात्तिक १२ देखि १५ गतेसम्म नेपालको औपचारिक भ्रमण गर्नुहुने भएको छ । मन्त्रिपरिषद्को बिहीबारको बैठकले महासचिव गुटेरेसको औपचारिक भ्रमण कार्यक्रम स्वीकृत गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो । बैठकले परराष्ट्रमन्त्री नारायणप्रकाश साउदको यही कात्तिक ८ देखि १६ गतेसम्म संयुक्त राज्य अमेरिकाको भ्रमण कार्यक्रम पनि स्वीकृत गरेको छ । मन्त्रिपरिषद्ले राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिएको छ ।

सरकारले तल्लो अरुण जलविद्युत् परियोजना छ सय ६९ मेगावाट क्षमताका लागि आवश्यक एक सय सात दशमलव ९७ हेक्टर निजी जग्गा प्राप्ति गर्न स्वीकृति दिने निर्णय गरेको छ । भारतीय कम्पनी सतलज विद्युत् निगमले सो आयोजना बनाउन लागेको छ । मन्त्री शर्माका अनुसार अन्तर्राष्ट्रियस्तरको बालबालिका, विकास र शान्तिसम्बन्धी सम्मेलन आयोजना गर्न लुम्बिनी प्रदेश सरकारलाई सैद्धान्तिक स्वीकृति दिइएको छ । बङ्गलादेशको ढाकामा यही कात्तिक ११ देखि १३ गतेसम्म हुने निर्वाचनसम्बन्धी सेमिनारमा सहभागी हुन निर्वाचन आयुक्त सगुनशम्शेर जबराको भ्रमण स्वीकृत गरिएको छ ।

नेपाल र इजिप्टबीच युवा तथा खेलकुदसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्न युवा तथा खेलकुद मन्त्रालयलाई स्वीकृति प्रदान गरिएको छभने वन पैदावार विकास समितिलाई रु आठ करोड ८५ लाख बराबरको ऋण सहायता दिने निर्णय भएको छ । यही कात्तिक २१ गतेदेखि मङ्सिर ६ गतेसम्म फ्रान्सको पेरिसमा आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)को ४२औँ महासभामा भाग लिन शिक्षा तथा विज्ञान प्रविधिमन्त्री अशोककुमार राई र सचिव सुरेश अधिकारी नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गरिएको छ ।

यही असोज २७ गते सोलुखुम्बुमा भएको मनाङ एयरको हेलिकोप्टर दुर्घटनाको छानबिन गर्न गत असार १२ गते गठित छानबिन समितिलाई नै कार्यादेश प्रदान गरिएको छ । यसैगरी कतार सरकारसँग एक समझदारीपत्रमा हस्ताक्षर गर्न सञ्चार मन्त्रालयलाई अख्तियारी दिइएको छ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेत र सचिव देवकुमारी गुरागाईंलाई यही कात्तिक २९ देखि मङ्सिर १ सम्म थाइल्याण्डको बैंककमा हुने सम्मेलनमा भाग लिन अनुमति प्रदान गरिएको छ भने चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको सभामा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ बमोजिम अमुदा श्रेष्ठ र पदमबहादुर गिरीलाई सदस्यमा मनोनयन गरिएको छ ।

सरकारले दसैँ, तिहार, नेपाल संवत् र छठलगायतका सांस्कृतिक पर्वहरूको अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीमा मङ्गलमय शुभकामना व्यक्त गरेको छ । गत असोज २४ गतेको मन्त्रिपरिषद्को बैठकले चालु आर्थिक वर्षका लागि महान्यायाधिवक्ताको कार्यालयमा एकजना सूचना प्रविधि अधिकृतको अस्थायी दरबन्दी सिर्जना गर्ने निर्णय गरेको छ । उक्त बैठकले औद्योगिक प्रयोजनका लागि सुपारी, केराउ र मरिचको पैठारी गर्न अनुमति प्रदान गरेको छ । यसैगरी थाइल्याण्डमा आयोजना हुने एसिया प्रशान्त क्षेत्रको इनर्जी फोरममा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गरिएको छ ।

रेल्वे सेवा सञ्चालन र मर्मतसम्भारका लागि तालिमप्राप्त जनशक्ति, आवश्यक उपकरण एवं मालसामान सरकार-सरकार तहमा नै सम्झौता गरी खरिद गर्न सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ । रेल, मेट्रोरेल, मोनोरेल विकास आयोजनाका लागि विभिन्न सेवा, समूह, उपसमूहका अधिकृतस्तरका १४ अस्थायी दरबन्दी स्वीकृत प्रदान गरेको छ । अन्तर्राष्ट्रियस्तरको क्रिकेट र बक्सिङ प्रतियोगितामा विजयी तथा पदक प्राप्त खेलाडी सहभागी मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापकलाई पुरस्कार प्रदान गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ ।

आगामी मङ्सिर १९ र २० मा संयुक्त राष्ट्रसङ्घको आयोजनामा घानामा हुने युएन पिस किपिङ मिनिस्ट्रियल बैठकमा सहभागी हुन उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गरेको छ । सिन्धुली जिल्लाकी सुनकोसी गाउँपालिकालाई १५ शय्याको प्राथमिक अस्पताल निर्माणका लागि सोही गाउँपालिकाको वडा नं ३ को सात दशमलव दुई रोपनी जग्गा प्रयोग गर्न स्वीकृति दिइएको छ ।

# पूर्वराष्ट्रपति भण्डारीद्वारा लिङ्ग भैरवी मन्दिरमा पूजा



काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले बिहीबार काठमाण्डुको बसुन्धारास्थित लिङ्ग भैरवीको मन्दिरमा पुगेर पूजाबिहीबारा गर्नुभएको छ । नवरात्रको अवसर पारेर पूर्वराष्ट्रपति भण्डारीले लिङ्ग भैरवीमा बिहीबार दिउँसो पूजा आराधना गर्नुभएको हो ।

उक्त मन्दिरमा अहिले नवरात्रको समयमा दैनिक एक हजारको सङ्ख्यामा भक्तजनले पूजापाठ गर्नुका साथै आरती, अभिषेक गरिहेको मन्दिरका अध्यक्ष अम्बिका श्रेष्ठले जानकारी दिनुभयो । मन्दिरमा नवरात्रको समयमा बिहान ७ बजे, दिउँसो १२ बजे र राति ७ बजे आरती तथा अभिशेक कार्यक्रम गर्दै आएको छ ।

अहिले नवरात्रको समयमा पनि चीन, भियतनाम, रुस, भारत, मङ्गोलिया, कम्बोडियालगायतका देशबाट पनि भक्तजनहरु दर्शन तथा पूजाबिहीबाराका लागि आउने गरेको मन्दिरका पुजारी स्वामी बज्र बालाले बताउनुभयो । रासस

# बिआरआई नेपालको आर्थिक विकासका निम्ति उपयोगी हुने

काठमाण्डु । पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता तथा विदेश विभाग प्रमुख झलनाथ खनालले चिनियाँ राष्ट्रपति सी चीनफिङले अघि सार्नुभएको बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई) विश्वका विभिन्न देशका जनता-जनताबीचको आपसी सहकार्य तथा आर्थिक विकासका निम्ति भएको बताउनुभएको छ ।

बेल्ट एण्ड रोड फाउण्डेशनले बेइजिङमा आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनलाई आज सम्बोधन गर्दै नेता खनालले समतामूलक, समृद्ध र प्रगतिशील विश्व व्यवस्थाका लागि बिआरआई महत्वपूर्ण हुने बताउनुभएको नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय विदेश विभाग सचिव शङ्कर खतिवडाले राससलाई जानकारी दिनुभयो ।

बिआरआईले विश्वभरका जनतालाई एकापसमा व्यापार गर्न, आपसी मूल्य, मान्यताबाट सिक्न र पारस्परिक सहयोगलाई प्रवर्द्धन गर्न अभुतपूर्व अवसर प्रदान गरेको नेता खनालले बताउनुभयो ।रासस


## Invitation for Bids

Madhesh Province Government

**Madhesh Institute of Health Sciences**

Madhesh Province, Janakpurdham, Dhanusha

**Procurement of Security Guard and Cleaners**

**Invitation for Bids No: MIHS/SERVICES/NCB/80-81/1& MIHS/SERVICES/NCB/80-81/2**

**Date of Publication: 20 October 2023**

1. The Madhesh institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the Procurement of Services for Security Guard and Cleaners procedures as specified in Public Procurement Act and Regulations.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Madhesh institute of Health Sciences, Janakpurdham, Dhanusha or www.bolpatra.gov.np.
3. Information to deposit the cost of bidding document (Rs.3000) in Bank:
   **Name of the Bank:** Rastriya Banijya Bank
   **Name of Office:** Madhesh Institute of Health Sciences, Janakpurdham
   **Office Code no.:** 3500017082
   **Office Account No.:** 1000100200010000
   **Rajaswa (revenue) Shirshak no.:** 14229
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hour (local time) on 21 November 2023.
5. The purchase reserves the right to accept or reject, wholly or partly anyor all the bids without assigning reason, whatsoever.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the day shall be considered as the last date the same as specified for the original last date of bid purchasing/submission.



## पटेर्वा सुगौली गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**पटेर्वा सुगौली, पर्सा**

**मधेश प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको बिक्रिकालागि बोलपत्र आव्हान सम्वन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।०७।०३**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) र सार्वजनिक खरिद ऐन २०६३ को ब्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी पटेर्वा सुगौली गाउँपालिकाको तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएकोछ ।

| सि. नं | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | 02/Riv/2080-081 | जमुनिया खोलाबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी र वालुवा उत्खनन् र विक्रि) | ८,३५,९६७ घ.फि. | ४१,७९,८३५।- | कबोल अंकको ५ (पाँच प्रतिशत) | ३०००।- |

**शर्तहरु:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा सानिमा बैंक शाखा कार्यालय पटेर्वा सुगौली गाउँपालिकामा रहेको यस कार्यालयको खाता नं. ०६४०१००४००००००८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्वन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको सानिमा बैंकमा रहेको धरौटी खाता न. ०६४०१००२००००००५ जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको राष्ट्रिय बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण,बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपुर्वक पर्न आएका बोलपत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निमार्ण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र समवन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फारममा उल्लेख गएिको हँदा सोही पुस्तिकाबाट अवगत गर्न यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सो को सुचना पाएको वा घरदैलोमा सुचना टाँस भएको मितिले ७ (सात) दिनभित्र मु.अ.कर दर्ता प्रमाण पत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोश्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८१ साल भाद्रमसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरि पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ती वा फर्मले आफु कबोल गरेको अंकको हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम र १.५ प्रतिशत अग्रिम आयकर वापतको रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४, सम्वन्धित स्थानिय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८. जमुनिया खोलाबाट नदिजन्य पदार्थ उत्खनन् क्षेत्र वनपथ देखि उत्तर पर्सा राष्ट्रिय निकुन्जको सिमाना १०९७ मि. सम्मको क्षेत्रलाई कायम गरिएको छ ।

९. उत्खनन् क्षेत्रबाट नदिजन्य पदार्थ ढुवानी गर्ने मुख्य बाटो मर्मत संभार गर्ने जिम्मेवारी स्वयं पट्टा लिने ठेकेदारको हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# सहायता सामग्री पुर्‍याउन गाजा सीमा खोल्ने सम्झौता

**एएफपी**

गाजापट्टी। अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधबार युद्धग्रस्त गाजामा अत्यन्त जरुरी मानवीय सहायता पुर्‍याउन अनुमति दिने एक सम्झौता सुरु गर्नुभएको छ। गाजाबाट इजराइली हमलाका बीच १० लाखभन्दा बढी सर्वसाधारण आफ्नो घर छोडी भागेका छन्।

इजराइलमा प्रत्यक्ष भेटवार्ता र इजिप्टसँग गहन टेलिफोन वार्तापछि इजिप्टबाट गाजामा प्रवेश गर्नका लागि बन्द भएको रफाह पार गर्न शुक्रबारदेखि सीमित संख्यामा ट्रकहरूलाई अनुमति दिइने बाइडेनले बताउनुभयो।

अक्टोबर ७ यता गाजामा प्रवेश गर्ने यो पहिलो अन्तर्राष्ट्रिय राहत हुनेछ। अक्टोबर ७ मा प्यालेस्टिनी लडाकू समूह हमासले इजराइलमा आक्रमण गर्दा अधिकांश सर्वसाधारणसहित एक हजार चार सयको मृत्यु भएको छ भने हमासले करिब दुई सयलाई बन्धक बनाएको छ।

त्यसयता इजराइलले प्यालेस्टिनी क्षेत्रलाई घेरा हालेको छ र हवाई हमला सुरु गरेको छ। साथै प्यालेस्टिनी क्षेत्रमा नाकाबन्दी लगाएको छ र अपेक्षित जमिन आक्रमणको तयारीका लागि दशौँ हजार सेनालाई सीमामा परिचालन गरेको छ।

संयुक्त राष्ट्रसङ्घ र मानवतावादी समूहहरूले गाजामा सैन्य पकडलाई कम गर्न पानी, खाद्यान्न, इन्धन र औषधिहरूको आपूर्तिको अनुमति दिन आग्रह गरेका छन्।

> इजराइली अधिकारीहरूले डेलिभरी खाद्यान्न, पानी र औषधिसम्म सीमित हुने भन्दै उक्त सामग्रीको प्रयोग हमासले गर्ने छैन भन्ने सर्त भएको बताएका छन् ।

राष्ट्रसङ्घीय मानवअधिकारवादी शीर्ष अधिकारी मार्टिन ग्रिफिथ्सले बुधबार गाजामा स्थिति गम्भीर रहेको भन्दै घाइतेले अस्पताल भरिएको, तीन हजार गाजाबासी मारिएको र १२ हजार पाँच घाइते भएको बताउनुभयो। "मृत्यु, पीडा र विनाशको गतिलाई बढाइँचढाइँ गरेर भन्न सकिन्न", उहाँले भन्नुभयो।

विनाशका बावजुद गाजामा प्रवेशका लागि इजिप्टतिरको सीमा क्षेत्रमा एक सयभन्दा बढी ट्रक लाइन लागेका छन्। इजराइलले सहायता सामग्री पुर्‍याउने निहुँमा हतियार हमासको हातमा पुग्न सक्ने चिन्ता व्यक्त गरेको छ। दशकौँदेखिको सङ्घर्षको यो चरण सुरु भएपछि इजराइलले सीमापार क्षेत्रमा कयौँ हवाई हमला गरिसकेको छ।

सीमामा नियन्त्रण गरेको इजिप्टलाई प्रवेशद्वार खोल्दा दशौँ हजार शरणार्थी आफ्नो भूमिमा आउने चिन्ता छ। अमेरिकी राष्ट्रपति बाइडेनले सुरुमा करिब २० वटा ट्रक गाजामा प्रवेश गर्ने र सबै पक्षबीच सहमति भए अरु ट्रक पठाइने बताउनुभयो।

"हामी सम्भव भएसम्म धेरैभन्दा धेरै ट्रकलाई बाहिर पठाउन चाहन्छौँ", उहाँले भन्नुभयो, "यदि हमासले ट्रकलाई नियन्त्रणमा लिन्छन् र लक्षित स्थानमा पुर्‍याउन दिँदैनन् भने ट्रक पठाउने काम यहीँ बन्द हुन्छ, हामी हमासलाई कुनै पनि मानवीय सहायता पठाउने छैनौँ।"

इजराइली अधिकारीहरूले डेलिभरी खाद्यान्न, पानी र औषधिसम्म सीमित हुने भन्दै उक्त सामग्रीको प्रयोग हमासले गर्ने छैन भन्ने सर्त भएको बताएका छन्।

राष्ट्रसङ्घीय अधिकारी ग्रिफिथ्सले गाजामा मानवीय सहायता पूरा गर्नका लागि प्रतिदिन एक सय ट्रकको आवश्यकता रहेको बताउनुभयो।



भारतको पुणेमा भारत र बंगलादेशबीचको आईसीसी पुरुष क्रिकेट विश्वकप खेलमा भारतीय क्रिकेट प्रशंसकहरू हर्षोल्लास गर्दै। *तस्वीर : एपी*

# मध्यपूर्वको स्थायित्वका लागि इजिप्टसँग काम गर्ने सिको भनाइ

**एएफपी**



बेइजिङ। चीनका राष्ट्रपति सि जिनपिङले इजिप्टका प्रधानमन्त्रीसँग बिहीबार मध्यपूर्वमा 'अधिक स्थायित्व' ल्याउन आफ्नो मुलुकले इजिप्टसँग मिलेर काम गर्ने अपेक्षा गरेको बताउनुभएको छ।

"चीन इजिप्टसँग सहयोग बढाउन तथा मध्यपूर्व र विश्वमा अधिक निश्चितता र स्थायित्व ल्याउन इच्छुक छ" बेइजिङमा राष्ट्रपति सिले इजिप्टका प्रधानमन्त्री मोस्तफा मदबोलीसँगको भेटमा भन्नुभएको भन्दै सरकारी प्रसारक सिसीटिभीले जनाएको छ।

"चीन र इजिप्ट असल मित्र हुन् जसको लक्ष समान छ र एकआपसमा विश्वास गर्छन्। विकास र साझा समृद्धिका लागि हातमा हात मिलाएर काम गर्ने असल साझेदार हुन्" सिको भनाइ उद्धृत गर्दै सिसीटिभीले भनेको छ, "वर्तमानमा अन्तर्राष्ट्रिय र क्षेत्रीय परिस्थिति गहिरो र जटिल परिवर्तनबाट गुज्रिरहेको छ र विश्वले एक शताब्दीदेखि नदेखिएको तीव्र परिवर्तनको अनुभव गरिरहेको छ।"


सिले अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायका साथै विकासशील मुलुकहरूको समान हितको रक्षा गर्न बेइजिङ कायरोसँग मिलेर काम गर्न इच्छुक रहेको पनि बताउनुभयो।

इजराइल र हमासबीच यसै महिना युद्ध सुरु भएयता इजिप्टले गाजापट्टीसँगको आफ्नो सीमालाई प्राय बन्द गरेको छ। गाजामा मानवीय स्थिति लगातार दयनीय बन्दै गएको छ। तर कायरोले बिहीबार रफाह क्रसिङमार्फत मानवीय सहायताका लागि 'दिगो' मार्ग दिने बताएको छ।

आगामी वर्षदेखि इजिप्ट उदीयमान अर्थतन्त्रहरूको समूह ब्रिक्सको औपचारिक सदस्य बन्ने भएसँगै हालैका महिनामा चीन र इजिप्टबीचको सम्बन्ध मजबुत हुँदै गएको छ।

# बेलायती प्रधानमन्त्री सुनक तेल अविवमा

**एएनआई**



तेल अविव। इजराइल र हमासबीचको जारी द्वन्द्वका बीच इजराइली शीर्ष नेताहरूलाई भेट्न र युद्धग्रस्त मुलुक इजराइलसँग ऐक्यबद्धता प्रकट गर्न बेलायती प्रधानमन्त्री ऋषि सुनक बिहीबार तेल अविव आइपुग्नुभएको छ।

प्रधानमन्त्री सुनकले अक्टोबर ७ मा इजराइलमा भएको रकेट हमलामा इजराइल र गाजामा भएको जनधनको क्षतिप्रति समवेदना प्रकट गर्ने र आफ्ना इजराइली समकक्षी बेन्यामिन नेतान्याहु र इजराइली राष्ट्रपति आइज्याक हर्जोगसँग भेट्नु हुने उहाँको कार्यालयले जनाएको छ।

"प्रत्येक नागरिकको मृत्यु एउटा त्रासदी हो र हमासको भयानक आतङ्कवादी क्रियाकलापपछि धेरै मानिसको मृत्यु भएको छ", रोयटर्सका अनुसार तेल अविव भ्रमण गर्नुअघि प्रधानमन्त्री सुनकले एक विज्ञप्तिमा भन्नुभयो।

यसका अतिरिक्त प्रधानमन्त्रीसुनकले चाँडोभन्दा चाँडो गाजामा मानवीय सहायता पठाउन अनुमति दिन र गाजामा फँसेका बेलायती नागरिकहरूलाई बेलायत प्रस्थान सम्भव बनाउन मार्ग खोल्न आह्वान गर्नुहुने पनि रोयटर्सले जनाएको छ।

यसअघि सामाजिक सञ्जाल एक्समा सुनकले सयौँको ज्यान जाने गरी गाजाको अस्पतालमा भएको हमलाको निन्दा गर्नुभयो। "अल अहबी अस्पतालको दृश्यबाट हामी सबै स्तब्ध भएका छौँ, हाम्रा जासुसी संयन्त्रले तथ्यहरूको स्वतन्त्ररूपमा स्थापित गर्न तीव्ररूपमा विश्लेषण गरिरहेको छ", उहाँले भन्नुभयो।

हरेक दिन युद्ध क्रुर हुँदै जाँदा दुवै पक्षका हजारौँ मानिस मारिएका छन्।

## चीनद्वारा आठ अजार डिजिटल कार्यशाला निर्माण गर्ने

शेन्याङ। चीनले हालसम्म करिब आठ हजार डिजिटल कार्यशाला तथा स्मार्ट कारकाखाना निर्माण गरेको छ। औद्योगिक नेटवर्कको मुख्य उद्योगका रूपमा रहेको यसको कारोबार एक खर्ब ६७ अर्ब अमेरिकी डलर भन्दा बढी रहेको एक अनुसन्धानको प्रतिवेदनले देखाएको छ।

चीनको लियानिङ प्रान्तको राजधानी शेन्याङमा आयोजित सन् २०२३ को ग्लोबल इन्डस्ट्रियल इन्टरनेट कन्फरेन्समा चाइना एकेडेमी अफ इन्डस्ट्रियल इन्टरनेटले औद्योगिक इन्टरनेटको नवप्रवर्तन तथा विकाससम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गरेको थियो।

हालसम्म देशभरका ३१ प्रान्तीयस्तरका क्षेत्रले औद्योगिक नेटवर्क विकास नीति तथा कार्ययोजना ल्याएका छन्। एकेडेमी प्रमुख लु चनकोङले फाइभ जी सामुदमयिक नेटवर्क तथ्याङ्क र मानव निर्मित बौद्धिकता जस्ता प्रमुख प्रविधिको अनुसन्धान र विकासका साथै औद्योगिकरणले गति लिइरहेको बताउनुभयो।

यसैबीच औद्योगिक नेटवर्कको तथ्याङ्क सुरक्षा गर्नका लागि प्रणालीको लगातार सुधार गरिएको बताइएको छ।

# अफगानिस्तानलाई हराउँदै शीर्ष स्थानमा उक्लियो न्युजिल्याण्ड

**एजेन्सी**

नयाँ दिल्ली। लगातार चौथो जित निकाल्दै न्युजिल्याण्ड एकदिवसीय विश्वकप क्रिकेटको शीर्षस्थानमा उक्लिएको छ।

बुधबारराति अफगानिस्तानलाई १४९ रनको फराकिलो अन्तरले पराजित गर्दै न्युजिल्याण्ड ४ खेलबाट ८ अंक बटुल्दै लिग तालिकाको शीर्ष स्थानमा उक्लिएको हो।

न्युजिल्याण्डले यसअघि इंल्याण्डलाई ९ विकेटले पराजित गरेको थियो भने नेदरल्यान्ड्सलाई ९९ तथा बंगलादेशलाई ८ विकेटले हराएको थियो।

बुधबाररातिको खेलमा न्युजिल्याण्डले दिएको २८९ रनको लक्ष्य पछ्याएको अफगानिस्तान ३४ दशमलव ४ ओभरमा अल आउट हुँदै १३९ रनमा समेटियो।

अफगानिस्तानका लागि रहमात शाहले ६२ बलमा १ चौकासहित सर्वाधिक ३६ रन बनाए। त्यस्तै आजमतुल्लाह ओमरजाई २७, रहमानउल्लाह गुरबाज ११, इब्राहिम जद्रान १४, मोहम्मद नाबी ७, राशिद खान ८ र मुजिब उर रहमान ४ रनमा आउट भए।

न्युजील्यान्डका मिचेल सान्टनार र लोकी फर्गुसनले समान तीन/तीन विकेट लिए भने ट्रेन्ट बोल्टले २ विकेट र म्याट हेनरीले १ विकेट लिए।

भारतको चेन्नइमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको न्युजिल्याण्डले निर्धारित ५० ओभरमा ६ विकेट गुमाउँदै २ सय ८८ रनको योगफल बनाएको थियो।

न्युजिल्याण्डका लागि ग्लेन फिलिप्सले सर्वाधिक ७१ रनको योगदान दिए। उनले ८० बलमा ४ चौका र ४ छक्कासहित सर्वाधिक ७१ रनको योगदान दिए।

त्यस्तै कप्तान टम लाथमले ६८ रन जोडे। उनले ७४ बलमा ३ चौका र २ छक्कासहित ६८ रन बनाए। विल योगले ५४ रन बनाए। उनले ६४ बलमा ४ चौका र ३ छक्कासहित ५४ रनमा आउट भए। रचिन रविन्द्रले ४१ बलमा २ चौका र १ छक्कासहित ३२ रन जोडे।

अफगानिस्तानका आजमतुल्लाह ओमरजाई र नवीन उल हकले समान दुई/दुई विकेट लिए। त्यस्तै राशिद खान र मुजिब उर रहमानले समान एक/एक विकेट लिए।

योसँगै जारी विश्वकपमा न्युजिल्याण्डले आफ्नो अपराजित यात्रालाई कायम राखेको छ।

अहिलेसम्म तीन खेल खेलेको भारत पनि अपराजित रही ६ अंकसहित लिग तालिकाको दोस्रो स्थानमा छ।

तीन खेल नै खेलेको दक्षिण अफ्रिका भने १ खेलमा पराजित रही ४ अंकका साथ तेस्रो स्थानमा छ। चौथो स्थानमा पाकिस्तान छ।

# एसिसी प्रिमियर कप क्रिकेट: नेपाल सेमिफाइनलमा प्रवेश



काठमाण्डु। एसिसी उन्नाईस वर्षमुनि (यू-१९) प्रिमियर कप क्रिकेट प्रतियोगितामा नेपालले साउदी अरेबियालाई ३०१ रनको फराकिलो अन्तरले पराजित गरेको छ।

मलेसियाको युएसडी-युकेएम ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपालले साउदी अरेबियालाई ३४८ रनको विशाल लक्ष्य दिएको थियो। जवाफमा साउदी अरब १९ दशमवल १ ओभरमा सबै विकेट गुमाउँदै ४६ रनमा समेटियो। यो जितसँगै नेपाल समूह 'ए'को विजेता हुँदै सेमिफाइनलमा प्रवेश गरेको हो।

नेपालले सेमिफाइनलमा समूह 'डि'को विजेतासँग खेल्नेछ। नेपलाले पहिलो खेलमा इरानलाई दुई सय ७४ रनले पराजित गरेको थियो भने दोस्रो खेलमा बहराइनलाई सात विकेटले हराएको थियो।

साउदीका लागि बरुण मुदालियरले २५ बलमा सर्वाधिक ११ रन बनाए। मोहम्मद अहमद ९ रनमा अविजित रहे भने अब्दूल्लाह शिराजले ९ रन बनाए। साउदीलाई सस्तैमा समेट्ने क्रममा नेपालका दिपेश कंडेल एक्लैले ६ विकेट लिए भने आकाश चन्दले २ तथा शुवास भण्डारीले एक विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित ओभरमा ८ विकेट गुमाएर ३४७ रनको योगफल बनाएको थियो। नेपालका लागि अर्जुन कुमालले शतकीय पारी खेलेका थिए। उनले १४२ रन बनाएका थिए। आकाश त्रिपाठीले ८९ रनको योगदान गरे भने दीपक बोहोराले २९ रन बनाए। त्यस्तै, दीपकप्रकाश डुम्रे १४ रनमा आउट हुँदा मिलन बोहरा ९ र दीपेश कंडेलले १४ रन बनाए। विशालविक्रम केसी २४ रनमा अविजित रहे।

साउदीका मोहम्म अहमद राजा र मोहम्मद घयोर अहमदले समान दुई/दुई, विकेट लिए भने जुहेयर मोहम्मद, अब्दुल्लाहा शिराज र शजीब मुजीबुर रहमानले समान एक/एक विकेट लिए। रासस

# नेपालद्वारा हङ्कङ पराजित




काठमाण्डु। राजधानीमा जारी त्रिकोणात्मक ट्वान्टी-२० क्रिकेट सिरिजमा नेपालले हङकङलाई ६ विकेटले पराजित गरेको छ। हङकङले प्रस्तुत गरेको ९५ रनको विजयी लक्ष्य पच्छ्याएको नेपालले १३ दशमलव ५ ओभरमा ४ विकेट गुमाउँदै पूरा गर्‍यो। यो जितसँगै नेपालले जारी प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ।

हिजो भएको पहिलो खेलमा नेपालले संयुक्त अरब इमिरेट्स (युएई) लाई सात विकेटले पराजित गरेको थियो।

नेपालका लागि आरिफ शेखले सर्वाधिक ४२ रनको योगदान दिए। उनले ३४ बलमा ६ छक्कासहित ४२ रनको योगदान दिएका हुन्। कप्तान रोहितकुमार पौडेलले अविजित २५ रन बनाए भने गुल्सन झाले अविजित १४ रन जोडे। कुशल भुर्तेल ८ रनमा आउट भए।

हङकङका लागि एहशान खानले तीन विकेट लिए भने यासिम मुर्ताजाले एक विकेट झारे। त्यसअघि माथिल्लो मूलपानी क्रिकेट मैदान टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हङकङ १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै ९४ रनमा समेटिएको थियो। हङकङका लागि यासिम मुर्ताजा सर्वाधिक ३६ बनाए। जिशन अलीले १७ रन बनाउनु बाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। हङकङलाई ९४ रनमा समेट्नेक्रममा नेपालका करण केसीले चार विकेट लिए भने अविनाश बोहरा र सोमपाल कामीले समान दुई/दुई विकेट लिए। त्यस्तै कुशल मल्ल र श्याम ढकाल (मौसम)ले समान एक/एक विकेट लिए। रासस

## अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता कात्तिक तेस्रो सातादेखि

वीरगञ्ज। पर्साको वीरगञ्जमा यही कात्तिक १८ गतेदेखि मधेस प्रदेशकै सर्वाधिक पुरस्कार राशिको अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता हुने भएको छ। भेट्रान सिटी क्लब वीरगञ्जको आयोजनामा 'प्रथम वीरगञ्ज गोल्ड कप २०८०' वीरगञ्जमा हुन लागेको हो।

प्रतियोगिता कात्तिक २५ गतेसम्म चल्नेछ। प्रतियोगितामा नेपालका त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, सङ्कटा क्लब, चर्च ब्वाइज युनाइटेड, झापा एफसी, आयोजक भेट्रान सिटी क्लब वीरगञ्ज, भारतको कोलकत्ताको क्लाइभ हाउस डमडम र दिल्लीको नर्थ जोन फुटबल टोलीको सहभागिता रहने आयोजक क्लबका अध्यक्ष सविन बस्नेतले जानकारी दिनुभयो।

प्रतियोगिताको विजेताले रु ११ लाख ११ हजार एक सय ११ र उपविजेताले रु पाँच लाख ५५ हजार पाँच सय ५५ पुरस्कार प्राप्त गर्ने अध्यक्ष बस्नेतले बताउनुभयो। रासस

# चालीस प्रतिशत वैदेशिक व्यापारमा बीआरआई साझेदारको योगदान

**सिन्ह्वा**

तियान्जिन। पछिल्लो एक दशकमा उत्तरी चीनको तियान्जिन नगरपालिकाले बीआरआई साझेदार राष्ट्रहरूसँगको आफ्नो व्यापार कूल वैदेशिक व्यापारको ४० प्रतिशत भएको जनाएको छ।

सन् २०१३-२०२२ सम्ममा बीआरआई साझेदार राष्ट्रहरूसँगको कूल व्यापार चार खर्ब १८ अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको त्यहाँको भन्सार कार्यालयको भनाइ छ।

यस अवधिमा सहरका निजी उद्यमहरूले बीआरआई साझेदार मुलुकसँग गरेको कारोबारको योगदान सन् २०१३ मा ५४ अर्ब ७८ करोड युआनबाट बढेर ५४.७८ सन् २०२२ मा एक खर्ब ४२ अर्ब युआन पुगेको छ।

उल्लेख्यरूपमा बीआरआई साझेदार राष्ट्रहरूबाट तियान्जिनको स्वचालित तथ्याङ्क प्रशोधन उपकरण र यसका पार्टपुर्जाहरूको आयात मूल्य सन् २०१३ मा रेकर्ड गरिएको तुलनामा २०२२ मा चार सय ८० प्रतिशतले बढेको छ।

यस अवधिमा बीआरआई साझेदार राष्ट्रहरूमा सहरको प्रमुख निर्यातमा मेकानिकल र विद्युतीय उत्पादनहरु थिए। साझेदार राष्ट्रहरूमा लिथियम आयन ब्याट्री, सौर्यसेल र विद्युतीय सवारी साधनको कूल निर्यात मूल्य विगत दश वर्षमा औसत वार्षिक १७ दशमलव नौ प्रतिशतले वृद्धि भएको भन्सार कार्यालयले जनाएको छ।



दसैंका लागि सप्तरीको सदरमुकाम राजविराजमा बिहीबार लाग्ने हटियामा बिक्रीका लागि कृषकले ल्याएका खसीबोका। वर्ष भरि मेहनत गरेर पालेको खसीबोका बेचेर उनीहरू दसैंखर्च जुटाउने गरेका छन्। *तस्बिर : रासस*

# सुपारीको उचित मूल्य नपाएको किसानको गुनासो

झापा। कोशी प्रदेशका किसानले विदेशी सुपारीका कारण स्वदेशी सुपारीले उचित मूल्य नपाएको गुनासो गरेका छन्।

झापा, इलाम, मोरङ, उदयपुर र सुनसारी जिल्लाका सुपारी किसानले सरकारले निर्यातलाई भन्दा आयातलाई प्राथमिकतामा राखेकाले स्वदेशी सुपारीले उचित मूल्य नपाएको बिहीबार पत्रकार सम्मेलनमार्फत जानकारी गराएका हुन्।



नेपाल सुपारी खेती किसान पहल समितिका संयोजक गीताप्रसाद अधिकारीले किसानले उत्पादन गरेको सुपारी सोझै तेस्रोमूलुक निर्यात गर्न पाउनुपर्ने बताउनुभयो। उहाँले नेपालमा सुपारी खेतीको विस्तारमा सरकारले चासो देखाए पनि निर्यातलाई सहज नबनाउँदा किसान समस्यामा परेको बताउनुभयो।

"काँचो सुपारी सोझै तेस्रो मूलुक निर्यात गर्न हामीले सहजै पाउनुपर्छ", अधिकारीले भन्नुभयो, "हाम्रो मागलाई बेवास्ता गरेमा दश लाख बढी सुपारी किसान एकैपटक आन्दोलनमा उत्रिन्छौँ।" उहाँले सुपारी किसानले कृषि विकास मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा छलफल गर्दै आफ्ना माग पटकपटक राखिसकेको जानकारी दिनुभयो।

अर्जुनधारा नगरपालिकामा विगत ३० वर्षदेखि सुपारी व्यवसाय गर्दै आउनुभएका सरेन्द्र साहले विलौचियामार्फत स्थानीयस्तारमा उत्पादित राम्रो सुपारी भारत जाने र भारतको नराम्रो, कुहिएको सुपारी उनीहरुमार्फत नेपाल आउँदासम्म पनि सरकारले बेवास्ता गरेको गुनासो गर्नुभयो। सुपारी किसानको नाममा विभिन्न संस्था खोलेर विचौलिया हाबी हुँद किसान मर्कामा परेका उहाँको भनाइ थियो।

झापा, मोरङ, सुनसरी, उदयपुर र इलाममा चार हजार ५४ हेक्टरमा सुपारीको व्यावसायिक खेती हुँदै आएको छ। आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा १४ हजार पाँच सय ६१ मेट्रिक टन सुपारी उत्पादन भएको थियो। रासस

# बोनस नदिएको भन्दै सिजी ब्रुअरीका व्यवस्थापन अधिकारीमाथि कुटपिट, समूह कानुनी कारबाहीमा जाने

**टुडे समाचारदाता**

काठमाण्डु। बोनसको विषयलाई लिएर सिजी ब्रुअरीमा कार्यरत मजदुरहरूले व्यवस्थापनका अधिकारीहरूमाथि कुटपिट गरेका छन्।

बुधबार ब्रुअरीमा कार्यरत मजदुरहरूले अनाधिकृत माग अगाडि गर्दै व्यवस्थापनका अधिकारीहरूमाथि कुटपिट गर्ने, अभद्र व्यवहार गर्ने र औद्योगिक शान्ति खलबल्याउने जस्ता गतिविधि गरेका चौधरी समूहले जानकारी दिएको छ।

अर्थतन्त्र मन्दीबाट गुज्रिएको र शिथिल बजारमा नोक्सानीमा रहेको कम्पनीसँग बोनस माग्दै कुटपिटमा उत्रिनु निन्दनीय भएको चौधरी समूहले एक विज्ञप्ति जारी गर्दै बताएको छ।

विज्ञप्तिमा भनिएको छ, 'देशको अर्थतन्त्र मन्दीबाट गुज्रिरहेको, बजार शिथिल बनेको र कम्पनीहरू न्यून क्षमतामा सञ्चालन भई अस्तित्व रक्षाका लागि संघर्ष गरिहेको अवस्थामा ब्रुअरीमा कार्यरत मजदुरहरूले अनाधिकृत माग अगाडि गर्दै व्यवस्थापनका अधिकारीहरूमाथि कुटपिट गर्ने, अभद्र व्यवहार गर्ने र औद्योगिक शान्ति खलबल्याउने जस्ता गतिविधि निन्दनीय छन्।'

साथै, यस्ता गैर कानुनी क्रियाकलापको समाधान कानुन बमोजिम हुने पनि समूहले जनाएको छ। ब्रुअरीले देशको आर्थिक अवस्था सहज रहेको समयमा आफ्ना कर्मचारीलाई विगत वर्षहरूमा छ महिनासम्मको बोनस वितरण गरेको जनाएको छ।

अहिले अर्थतन्त्र मन्दीबाट गुज्रिहेका कारण त्यसको गम्भिर नकारात्मक असर ब्रुअरीमा परेको र अघिल्लो वर्षको तुलनामा ब्रुअरीका उत्पादनको बिक्रिमा २५ प्रतिशतले ह्रास आएको बताइएको छ।

यस्तो अवस्थामा कम्पनीले आफ्ना कर्मचारीको रोजगारीमा असर नपरोस् भनेर कठिन अवस्थामा पनि व्यवस्थापन गर्दै आएको र कम्पनी नोक्सानमा रहेको अवस्थामा पनि बोनसको माग गर्दै व्यवस्थापनका अधिकारीमाथि निर्मम रुपमा कुटपिटमा उत्रिनु अशोभनिय रहेको विज्ञप्तिमा भनिएको छ।

आफ्ना असहमतिहरूलाई शान्तिपूर्ण वार्ताको माध्यमद्वारा अगाडि सारि नुपर्नेमा अधिकारीहरूमाथि कुटपिट गर्ने, ढुंगामुडा गर्ने, कार्यालयहरू तोडफोड गर्ने लगायतका अराजक गतिविधिहरू शैह्य नहुने समेत कम्पनीले स्पष्ट पारेको छ।

# कारोबार शुल्क घट्ने खबरले पनि सेयर बजारमा जागेन उत्साह

**टुडे समाचारदाता**

काठमाण्डु। बुधबार धितोपत्र बोर्डले सेयर कारोबार शुल्कमा संशोधन गरेको खबरसँगै दोहोरो अंकले बढेको बजार बिहीबार घटेको छ।

अर्थमन्त्रालयमा पेस भएको यो संशोधन प्रस्ताव स्वीकृत हुन बाँकी रहेकोले पनि यसको प्रभाव क्षणिक देखिएको हो। दुई दिनमा करिब ६० अंक हाराहारी बजार बढेपछि पनि केहीले नाफा सुरक्षित गरेका छन्।

शुक्रबारबाट बन्द हुने बजार अब कात्तिक १२ गते खुल्नेछ। बिहीबार नेप्से परिसूचक ४.०५ अंकले घटेर १९०३.८४ बिन्दुमा बन्द भएको छ। बिहीबार नेप्से परिसूचक घटेपनि कारोबार रकम भने अघिल्लो दिनको तुलनामा बढेको छ।

गत कारोबार दिन ९३ करोड ४८ लाख ९४ हजार २१८ रुपैयाँको सेयर कारोबार भएकोमा यस दिन उक्त रकम बढेर ९७ करोड ६ लाख १२ हजार ८९२ रुपैयाँ पुगेको छ।

यस दिन २८४ वटा धितोपत्रको ३७ लाख ६६ हजार १५३ कित्ता सेयर किनबेच भएको हो।

बिहीबार सिटिजन्स म्युचुअल फण्ड-२ को इकाइ मूल्य सर्वाधिक ५.८७ प्रतिशतले बढेर प्रति इकाइ मूल्य ७ रुपैयाँ ५७ पैसा पुगेको छ।

यस्तै, बिपिडब्ल्यू लघुवित्तको सेयर मूल्य ४.७६ प्रतिशतले बढेको छ। उक्त कम्पनीको सेयर मूल्य ८८४ रुपैयाँ ३० पैसा कायम भएको छ।

सेयर मूल्य सर्वाधिक घट्नेमा अपर सोलु हाइड्रोपावर रहेको छ। उक्त कम्पनीको सेयर मूल्य ८.२५ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य २४७ रुपैयाँमा झरेको छ।

यस्तै, इन्फिनिटी लघुवित्तको सेयर मूल्य ६.७३ प्रतिशतले घटेर प्रति कित्ता मूल्य ६३८ रुपैयाँमा सीमित भएको छ। बिहीबार नबिल बैंकको संस्थापक सेयरको सर्वाधिक कारोबार भएको छ।

उक्त कम्पनीको प्रतिकित्ता ३१२ रुपैयाँमा ५ करोड ९० लाख बराबरको सेयर कारोबार भएको हो। सर्वाधिक सेयर खरिद-बिक्री हुने दोस्रो कम्पनीमा प्रभु बैंकको संस्थापक सेयर रहेको छ। उक्त कम्पनीको प्रतिकित्ता १०८ रुपैयाँमा ५ करोड १५ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ।

त्यस्तै, बिहीबार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये बैंकिङ, लगानी, म्युचुअल फण्ड र अन्य समूहको परिसूचक बढ्दा समग्र नेप्से बढेको हो। यसदिन म्युचुअल फण्ड समूहको परिसूचक सर्वाधिक ०.३६ प्रतिशतले बढेको छ भने जलविद्युत समूहको परिसूचक सर्वाधिक ०.९६ प्रतिशतले घटेको छ।


# सुस्त दरमा सुधार हुँदै नयाँ ऋण जारी हुने क्रम

**टुडे समाचारदाता**

काठमाण्डु। केही वर्षयता वार्षिक एक लाख वटा नयाँ ऋण जारी भइरहेकोमा गत वर्षदेखि यो क्रम सुस्तियो। चालु आर्थिक वर्ष २०८०/८१ मा भने यसमा सुस्त दरमा सुधार हुने देखिएको छ।

विगत पाँच वर्षमा अघिल्लो चार वर्ष वार्षिक औसत एक लाख ३२ हजार नयाँ ऋण जारी भएकोमा गत आर्थिक वर्ष २०७९/८० मा मात्रै १६ हजार एक सय ६९ नयाँ ऋण जारी भयो।

चालु आर्थिक वर्ष २०८०/८१ को दुई महिनामा मात्रै ३ हजार ८ सय ८७ वटा नयाँ ऋण जारी भएको छ। यही दरमा नयाँ ऋण थपिए यस वर्ष २३ हजार एक सय ४२ हराहारी मात्रै नयाँ ऋण थपिनेछ।




राष्ट्र बैंकले सार्वजनिक गरेको दुई महिनाको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को दुई महिना (साउन र भदौ)मा ३ हजार ८ सय ८७ नयाँ ऋण थपिएर ऋणी खाता संख्या १८ लाख ४९ हजार ७० पुगेको छ। ऋण जारी हुँदा हरेक ऋण अनुसार ऋण खाता पनि खोलिएको हुन्छ।

यसअघिका वर्षहरूमा जसरी उच्च दरमा ऋण जारी नभए पनि गत वर्षभन्दा ऋण विस्तार धेरै हुने राष्ट्र बैंकको प्रक्षेपण छ। राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा यस वर्ष ११.५ प्रतिशतले कर्जा विस्तार हुने प्रक्षेपण गरेको छ।

'पहिले जसरी नै कर्जा विस्तार यसपटक नहोला तर कर्जा विस्तारमा सुधार भइरहेको छ,' राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाश कुमार श्रेष्ठले भने, 'ऋण खाता खोल्ने बन्द हुने भइरहन्छ, त्यसैले यो संख्याले भन्दा पनि कर्जा लगानी रकमलाई आधार मानेर हेर्नुपर्छ।'

चालु आर्थिक वर्षको दुई महिनामा कर्जा लगानी भने ३४ अर्ब रूपैयाँले बढेको छ। गत आर्थिक वर्ष ४८ खर्ब ७७ अर्ब रूपैयाँ बराबरको कर्जा भएकोमा चालु आर्थिक वर्षको दुई महिनामा ४९ खर्ब ११ अर्ब रूपैयाँ पुगेको छ।

दुई महिनामा कर्जा ०.६९ प्रतिशतले मात्रै बढेको हो। चालु आर्थिक वर्षको पहिलो महिना साउनमै कर्जा लगानी गत आर्थिक वर्षको अन्त्यको तुलनामा १६ अर्ब ५५ करोड रूपैयाँले घटेको थियो। दोस्रो महिना भदौमा भने साउनको तुलनामा कर्जा लगानी ५० अर्ब ६८ करोड रूपैयाँले विस्तार भएको छ।

हुनतः असोजमा पनि कर्जा लगानी लगभग ४० अर्ब रूपैयाँले विस्तार भएको देखिएको छ। असोज २३ गतेसम्म राष्ट्र बैंकको वेबसाइटमा राखिएको विवरण अनुसार भदौको तुलनामा कर्जा लगानी ४० अर्बले बढेर ४९ खर्ब ५१ अर्ब रूपैयाँ पुगेको छ।

आगामी दिनमा यही दरमा कर्जा विस्तार भएमा भने यो वर्ष करिब ५ खर्ब हाराहारी कर्जा लगानी विस्तार हुनसक्छ।

पछिल्लो समय उच्च दरमा पुगेको कर्जाको ब्याजदरमा पनि सुधार भइरहेको छ। भदौमा कर्जाको औषत ब्याजदर १२.२३ प्रतिशत छ। गत माघ, फागुनमा कर्जाको औसत ब्याजदर १३.०३ प्रतिशतसम्म पुगेको थियो।

बैंकहरूले कात्तिकमा निक्षेपको ब्याजदर घटाएका छन्। यसले आगामी दिनमा कर्जाको ब्याजदर थप घट्न सक्ने सम्भावना रहन्छ।

कात्तिकमै पनि कतिपय बैंकले कर्जा जारी गर्दा लिने ब्याजदरमा लाग्ने प्रिमियम केही कम गरेका छन्। आधारदरमा ६ प्रतिशतसम्म प्रिमियम लिन थालेको बैंकहरूले पछिल्लो दुई महिना यता अधिकतम ५ प्रतिशत लिइरहेका छन्। धेरै वाणिज्य बैंकले भने कात्तिकमा अधिकतम प्रिमियम दर समेत ४ प्रतिशतमा सीमित पारेका छन्।

पछिल्लो समय बैंकहरूले एक आपसमा लिने अन्तर बैंक सापटीको ब्याजदर १.९९ प्रतिशत हाराहारी आएको छ।

बैंकहरूको कर्जा निक्षेप अनुपात पनि घटेर ८१.८१ प्रतिशत हाराहारी छ। यस अनुसार बैंकहरूसँग करिब पाँच खर्ब हाराहारी कर्जा लगानी योग्य रकम छ।

केही बैंकलाई भने तरलता समस्याको कारण कर्जा लगानी योग्य रकम भएपनि समस्या रहेको बैंकहरूले बताउँदै आएका छन्।


## Invitation for Bids

**Madhesh Province Government**

**Ministry of Health and Population**

**Health Office Dhanusha**

**Madhesh Province**

**Invitation for Bids No: MP/HOD/NCB/GOODS-1/2080-81**

**Date of publication: 20 October 2023**

1. The Health Office Dhanusha, Janakpurdham invites electronic bids from eligible bidders for The Procurement of Bacillus Thuringiensis Israelensis (BTI) under National competitive bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Health Office Dhanusha, Janakpurdham, p2hodhanusha@gmail.com , 9854026856 or may visit PPMO eGP system www.bolpatra.gov.np/egp
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs.3000/-in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** RastriyaBanijya Bank

**Name of Office:** Health Office Dhanusha, Janakpurdham

**Office Code no. :** 3700617012

**Office Account no.:** 1000100200010000

**Rajaswa (revenue) Shirshak no. :** 14229

4. Pre-bid meeting shall be held at Health Office Dhanusha, Janakpurdham, at01:00 PM on 9November 2023.
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on21 November 2023. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 PM on21 November 2023 at the office of Health Office Dhanusha, Janakpurdham., Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 90,000/-, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 20 March 2024)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid andbid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bid is in package and evaluation will be done in package.

# चाडपर्वलाई लक्षित मधेश प्रहरीको बलियो सुरक्षा योजना



**टुडे समाचारदाता**

जनकपुरधाम । चाडपर्वलाई दृष्टिगत गरी मधेश प्रदेश प्रहरीले नयाँ सुरक्षा योजना लागु गरेको छ ।

चाडपर्व सुरु भएसँगै प्रहरीले सुरक्षा व्यवस्थामा पनि कडाइ गरेको छ। चाडपर्वका बेला आपराधिक क्रियाकलाप, सवारी दुर्घटना न्यूनीकरणदेखि धार्मिक सद्भाव बिथोल्ने जस्ता क्रियाकलापलाई नियन्त्रण गरी प्रदेशका ८ वटै जिल्लामा सुरक्षा व्यवस्था कडा पारिएको मधेश प्रदेश कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रवीण पोखरेलले जानकारी दिए ।

'आठवटै जिल्ला सदरमुकाममा कुनै आपराधिक क्रियाकलाप भएको खण्डमा दुई मिनेटमै घटनास्थलमा पुग्ने गरी सुरक्षा व्यवस्था मिलाएका छौँ,' पोखरेलले भने, 'ग्रामीण क्षेत्रमा कुनै घटना भए जतिसक्दो चाँडो त्यहाँ पुग्ने गरी सुरक्षा व्यवस्था मिलाएका छौँ ।' चाडपर्वमा यात्रुहरुसँग बढी भाडा असुल गर्ने सवारीसाधनलाई कारबाही गर्ने तथा बढी मूल्यमा मालसमान बेच्ने, कालोबजारी गर्ने व्यापारीलाई कारबाही गर्न प्रदेशका सबै जिल्ला प्रशासन कार्यालयसँग समन्वयमा भइरहेको उनले बताए ।

धार्मिक सद्भाव बिथोल्ने गतिविधिलाई नियन्त्रण गर्ने, सामाजिक सञ्जालमार्फत धार्मिक सहिष्णुतामा खलल पुर्‍याउने स्टेटस वा पोस्टलाई निगरानी गर्ने र त्यस्तालाई अविलम्ब पक्राउ गरी कानुन अनुसार कारबाही गर्न सबै जिल्ला प्रहरी कार्यालयहरुलाई निर्देशन दिइएको उनले बताए ।

चाडपर्वको समयमा मधेशका जिल्लाहरुमा चोरी, डकैतीलगायतका घटना बढी हुने भएकाले त्यस्ता घटना नियन्त्रण गर्न मोबाईल टोली परिचालनदेखि सादा पोशाकमा पुरुष तथा महिला प्रहरीसमेत परिचालन गरिएको उनले जानकारी दिए । मठमन्दिर, मान्छेको चहलपहल बढी हुने र आर्थिक कारोबार हुने बैंक तथा वित्तीय संस्थामासमेत प्रहरीले निगरानी बढाएको उनले जनाए ।

'चाडपर्वका बेला खुला सीमाको फाइदा उठाउँदै हुन सक्ने आपराधिक क्रियाकलाप नियन्त्रणका लागि सीमा क्षेत्रमासमेत प्रहरी निगरानी बढाउनुको साथै भारतबाट फर्केका नेपालीलाई सीमावर्ति क्षेत्रमा सहजताका लागि हेल्प डेक्सहरुसमेत सञ्चालन गरिएको प्रवक्ता पोखरेलले बताए ।

त्यसैगरि, चाडपर्वलाई लक्षित गरेर मधेश प्रदेशका जिल्लामा पर्ने पूर्वपश्चिम राजमार्गको जंगल क्षेत्रमा प्रहरीले रात्रि गस्ती पनि बढाएको छ । विगतमा चाडपर्वको मौका छोपेर राजमार्गमा गुड्ने रात्रि बस लुटपाट हुने गरेका घटनालाई मध्यनजर गर्दै जंगल क्षेत्रमा प्रहरी टोली परिचालन गरिएको उनले बताए । सर्लाहीको बाँके, बाराको जंगल क्षेत्र सहितमा प्रहरीले विशेष गस्ती बढाएको उनले जनाए । राजमार्गमा सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीले फूलपातीदेखि टाइमकार्ड लागु गर्ने तयारी गरिरहेको उनले बताए । सप्तरीको भारदहदेखि बाराको अमलेखगन्जसम्म दुई सय ३५ किलो मिटर दूरीमा प्रहरीले टाइमकार्ड लागु गर्ने उनले बताए ।

यता, मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री मोहम्मद समिमले पनि चाडपर्वको अवसरमा प्रदेशको शान्ति सुरक्षा कडा बनाउन तथा भयरहित वातावरणमा चाडपर्व मनाउने वातवारण बनाउन प्रहरीलाई निर्देशन दिएका छन् । मन्त्री समिमले शान्ति सुरक्षा कडा बनाइ सर्वसधारण जनतालाई सुरक्षाको अनुभूति दिलाउने गरी कार्य गर्न प्रदेश प्रहरीलाई निर्देशन समेत दिएका छन् ।

# एउटै पालिकामा दुई जना हाकिम




**टुडे समाचारदाता**

रौतहट । रौतहटको एक पालिकामा मेयर र उपमेयरले छुट्टाछुट्टै हाकिम हाजिर गराएका छन् । जिल्लाको वृन्दावन नगरपालिकामा बिहीबार एकै दिन दुई जना हाकिम हाजिर भएका छन् । प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधान र स्वास्थ्य क्षेत्रका निमित्त प्रमुख प्रशासकीय अधिकृत रासनारायण पटेलले दुबै जना बिहीबार वृन्दावन नगरपालिकाको कार्यालय प्रमुखमा हाजिर भइ कार्यभार सम्हालेका छन् ।

पहिला मेयर विनोद प्रसाद कुर्मीले निमित्त प्रमुख प्रशासकीय अधिकृत पटेललाई कार्यालय प्रमुखको रुपमा हाजिर गराएका थिए । मेयर कुर्मीले निमित्त प्रशासकीय अधिकृत पटेललाई हाजिर गराएको केही घण्टा नबित्दै उपमेयर संगीता देवी रामसहित केही वडा अध्यक्षहरुले उपसचिव रहेका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानलाई हाजिर गराएका थिए ।

नेपाली कांग्रेसका पूर्व मेयर रामस्नेही यादव, नेकपा एमालेलगायत दलका नेताहरुको साथ र सहयोगमा उपमेयर रामले प्रमुख प्रशासकीय अधिकृत प्रधानलाई हाजिर गराएकी छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत असोज २६ गते वृन्दावन नगरपालिकाको आर्थिक तथा प्रशासनिक कार्य हेर्ने गरी उपसचिव प्रधानलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएको थियो ।

सामान्य प्रशासन मन्त्रालयले प्रधानलाई वृन्दावनको कार्यालय प्रमुखको जिम्मेवारी असोज २६ गते नै तोके पनि विभिन्न कारणले उनी कार्तिक १ गतेसम्म पनि हाजिर हुन सकेनन् ।

मन्त्रालयले प्रधानलाई कार्यालय प्रमुखको जिम्मेवारी दिएको एकसाता बित्न नपाउँदै कार्तिक १ गते फेरि प्रधानको जिम्मेवारी खोस्दै उनको ठाउँमा सोही नगरपालिकामा कार्यरत नेपाल स्वास्थ्य सेवा हेल्थ इन्स्पेक्सन समूह अधिकृत स्तर छैटौं तहका कर्मचारी रासनारायण पटेललाई वृन्दावनको निमित्त प्रशासकीय अधिकृतको जिम्मेवारी दिएको थियो ।

पटेललाई पनि नगरपालिकाको आर्थिक तथा प्रशासनिक कार्य हेर्ने गरी जिम्मेवारी दिइएको छ । प्रमुख प्रशासकीय अधिकृत हाजिर नभएसम्मका लागि कार्तिक १ गतेदेखी लागु हुने गरी दुई महिनासम्मका लागि मात्र पटेललाई कार्यालय प्रमुखको जिम्मेवारी दिइएको मन्त्रालयको पत्रमा उल्लेख छ ।

मन्त्रालयले दिएको जिम्मेवारीकै आधारमा पटेललाई मेयर विनोद प्रसाद कुर्मीले भव्य स्वागत गर्दै कार्यालयमा हाजिर गराएका हुन । तर उपमेयरलेसमेत अर्को हाकिम प्रधानलाई हाजिर गराएपछि विवाद उत्पन्न भएको छ भने अर्को तर्फ अब आधिकारीक हाकिम कसलाई मान्ने वा कुन हाकिम रहने, नरहने भन्ने विषयमा समेत अन्योलता उत्पन्न भएको छ ।

हाकिम लगायतको विषयलाई लिएर मेयर कुर्मी र उपमेयर रामबीच पटक पटक विवाद हुँदै आएको छ । मेयर र उपमेयरले आआफनो अनुकूलका हाकिम राख्न चाहेकोले विवाद चर्किंदै गएको छ । जसका कारण बिहीबार जिल्लामै पहिलो पटक वृन्दावनमा एकै पटक दुई जना हाकिम हाजिर भएका छन् ।

मेयरले ल्याउने हाकिमलाई उपमेयरले नमानी आफ्नै अनुकूलका हाकिम राख्न खोजेका कारण वृन्दावन नगरपालिका विगत तीन महिनादेखि प्रशासकीय अधिकृतविहीन रहँदै आएको थियो ।

# जानकी फर्निसिङको नयाँ सो रुम उद्घाटन

**टुडे समाचारदाता**

जनकपुरधाम । जानकी फर्निसिङ एण्ड जेनेरल अर्डर सप्लायर्सले थप ब्राण्डका सामानहरुसहित आफ्नो नयाँ सो रुमको उद्घाटन गरेको छ। बिहीबार जनकपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष निर्मल चौधरीले उक्त सो रुमको उद्घाटन गरेका छन् ।

घर र अफिसमा प्रयोग हुने फर्निचर, मेटरेस, डेकोरेसनलगायतका ब्रण्डेड सामानहरुको लागि प्रख्यात जानकी फर्निसिङले अब नगरपालिका छेउमा रहेको आफ्नै दुई तल्ले भवनमा थप ब्राण्डेड सामानहरुको विभिन्न भेरिएसनसहित बिहीबारदेखि सञ्चालनमा ल्याएको छ ।

कुनै पनि घर र अफिसका लागि चाहिने हरेक किसिमको फर्निसिङका सामानहरु किनमेल गर्न काठमाण्डु वा भारत नजानु परोस भन्ने उद्देश्यले जनकपुरधाममै उपलब्ध हुने लक्ष्यका साथ बिहीबारबाट उक्त पसल सञ्चालनमा ल्याएको जानकी फर्निसिङका सञ्चालक मौसम बजाजले बताए ।



सो रुममा एसपिएल, लोटस, फर्निको, एभरेष्ट, कुमार स्टिल, स्यामकिन, डिलाइटलगायतका ब्राण्डहरुको मेटरेस, कुर्सी, रिभोल्भिङ चेयर, दराजका साथै इन्डियन, चाइनिज कारपेटहरु पनि उपलब्ध रहेको सञ्चालक बजाजले जानकारी दिए । उनले दशैंको उपलक्ष्यमा ५ देखि ७ प्रतिशतसम्म छुट अफर राखिएको बताए ।

# कर्मचारीहरूबीच कुटाकुट



**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल विद्युत् प्राधिकरण वीरगञ्ज वितरण केन्द्रका कर्मचारीहरूबीच कुटाकुट भएको छ । केन्द्रका हेल्पर प्रेमदास तत्मा र स्टोर इन्चार्ज रामसुन्दर दासबीच कुटाकुट भएको छ ।

हेल्पर तत्माले निजी गाडीमा कार्यालयको भर्‍याङ लिएर जान खोज्दा जान नदिएपछि उनको गेट रोक्का गरिएको थियो । निजी कामको लागि सरकारी भर्‍याङ लिएर गइरहेकोले रोक्न खोज्दा सो विवाद भएको कर्मचारीहरूले बताएका छन् ।

स्टोर इन्चार्जलाई हेल्पर तत्माले चप्पल प्रहार गरेको कर्मचारीहरूको भनाइ छ । वितरण केन्द्रको परिसरमा उत्पन्न भएको विवाद साम्य गर्न केन्द्र प्रमुख अवधेशकुमार दुबेको कार्यकक्षमा दुबै पक्षलाई बोलाइ छलफल भइरहेको बेला सहायक इन्जिनियर चन्द्रिका सिंहले तत्माको कठालो समाएर घाँटी थिचेकोसमेत प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

कर्मचारीहरूको कुटाकुटको विवाद र कार्यालय प्रमुखको कार्यकक्षमै पुनः कुटाकुट हुन थालेपछि करिब एक घण्टा कार्यालयको काम प्रभावित भएको थियो । अधिकांश सेवाग्राहीहरू अचानक कार्यालयमा के भइरहेको छ भन्ने बारेमा चकित परेका थिए । सरकारी कार्यालयमा अनुशासनहीन काम गर्ने कर्मचारीलाई कारबाही गर्नुपर्छ र जनताको काम सक्दो चाँडो गर्नुपर्नेमा कर्मचारीबीचको कुटाकुटको घटनाले वितरण केन्द्रको प्रतिष्ठामा आँच पुगेको सेवाग्राहीहरूको भनाइ छ ।

यस विषयमा केन्द्र प्रमुख दुबेले सामान्य विवादमा दुबैबीच झगडा भएको स्वीकारे । साथै उनले दुबै पक्षलाई बसाएर छलफलको माध्यमबाट मिलापत्रसमेत गराइसकेको जानकारी गराए । उनले हेल्पर तत्माको व्यवहार उदेकलाग्दो भएकोमा दुःख प्रकट गर्दै उनलाई विभागीय कारबाहीको लागि आफूले प्रक्रिया अगाडि बढाउने बताए ।

# सडक सुरक्षा जीवन रक्षाको लागि राष्ट्रिय अभियान सुरु

**टुडे समाचारदाता**

बारा । नेपालका सडक मृत्यु मार्ग बन्दै गएपछि ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले सडक सुरक्षा जीवन रक्षाको लागि राष्ट्रिय अभियान सुरु गरेको छ । अभियान अन्तर्गत बाराको जीतपुरमा ब्रह्मकुमारी राजयोग सेवा केन्द्रको यातायात प्रभाग नेपालले ट्राफिक सचेतनामूलक नारा लेखिएका ब्यानर कार्यक्रम स्थलमा टाँसेको थियो ।



कार्यक्रममा अभियानका राष्ट्रिय संयोजक गुणराजले अभियानको महत्वबारे प्रकाश पारेका थिए ।

उनले सड्क दुर्घटना हुनुमा सड्क र यान्त्रिक उपकरणलगायत भौतिक कारणका साथै चालकको मानसिक अवस्थाको स्थिति पनि कारण रहेको बताए ।

चालकसँग गर्ने राम्रो व्यवहारले दुर्घटना न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने उनले धारणा राखे ।

कार्यक्रममा चालक, प्रहरी, राजनैतिक दलका प्रतिनिधिलगायत सर्वसाधारणको उपस्थिति रहेको थियो ।

# दर्जनौं नेता कार्यकर्ता एमालेमा प्रवेश



**टुडे समाचारदाता**

रौतहट । रौतहटमा विभिन्न पार्टी परित्याग गरी दर्जनौं नेता कार्यकर्ताहरु नेकपा एमालेमा प्रवेश गरेका छन् ।

जिल्लाको फतुवा विजयपुर नगरपालिकाका लक्ष्मीनिया विजयपुर बजारमा बिहीबार आयोजित पार्टी प्रवेश कार्यक्रममा नेकपा माओवादी केन्द्रबाट शिवपुजन राय यादव, जनता समाजवादी पार्टी नेपालबाट प्रभात कुश्वाहा, उपेन्द्र राय यादव, धर्मेन्द्र यादव, भागवत चौधरी, नेकपा एकिकृत समाजवादीबाट वीरेन्द्र राय यादवसहित दर्जनौं नेता कार्यकर्ताहरु एमालेमा प्रवेश गरेका छन् ।

दशैं, दीपावली र छठ पर्वको अवसरमा नेकपा एमालेको फतुवा विजयपुर नगर कमिटिले आयोजना गरेको शुभकामना आदानप्रदान तथा पार्टी प्रवेश कार्यक्रममा उनीहरुले आ-आफना पार्टी परित्याग गर्दै नेकपा एमालेमा प्रवेश गरेका छन् ।

नेकपा एमालेका सचिव एवं मधेश प्रदेश इन्चार्ज योगेश भट्टराईले उनीहरुलाई पार्टी प्रवेश गराएका छन् । नेता भट्टराईले नवप्रवेशीहरुलाई टिका र माला लगाएर पार्टीमा स्वागत गरेका थिए ।

कार्यक्रममा एमालेका पोलिटब्यूरो सदस्यहरु पुरुषोतम पोडैल, अच्युत मैनाली, केन्द्रीय सदस्य अजय गुप्ता, केन्द्रीय सदस्य उद्धव रेग्मी, अरविन्द सिंह, प्रभु हजरा, जिल्ला अध्यक्ष सचिदानन्द साहलगायतका नेताहरुले मन्तव्य राखेका थिए ।

**स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं**

**कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिएर,**

- स्वास्थ्य संस्थामा आगजनी गर्नु,
- स्वास्थ्य संस्थामा तोडफोड वा हानि नोक्सानी पुर्‍याउनु,
- स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्नु तथा चोट पुर्‍याउनु, धम्की दिनु, गाली-गलौज गर्नु वा अभद्र व्यवहार गर्नु,
- स्वास्थ्य संस्थामा तालाबन्दी गर्नु वा घेराऊ गर्नु,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने उपचार सेवामा बाधा पुर्‍याउनु,

**यस्ता कार्यहरु कानूनबमोजिम दण्डनीय भएकोले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं, असल नागरिकको कर्तव्य निर्वाह गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**धितो घडेरी (जग्गा) लिलाम सम्बन्धी सूचना**

यस जानकी ग्लोवल वचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम-२ बाट जि.ध. गा.वि.स. विन्धी-६ हाल ज.उ.म.न.पा.-२३ बस्ने मोति महराको नाती दुखी महराको छोरा श्री नन्द किशोर महराले महराले ज.उ.म.न.पा. वडा नं. १३ को सिट नं. १३१५-११ को कि.नं. ४२ को क्षेत्रफल ०-०-८-१ को घडेरी जग्गा यस संस्थाको नाउँमा दृष्टीकवन्धक गरी मिति २०६९/०७/०३ मा व्यवसाय संचालनको लागि रु. ६००,०००।- अक्षरेपी रु. छ लाख ऋण लिएकोमा सो ऋणको सावा र व्याज हर्जाना बुझाउनको लागि विभिन्न मितिमा लिखित मौखिक तथा दैनिक पत्रिकामा सूचना प्रकाशन गरी ताकेता गर्दा पनि हाल सम्म सावा र व्याज नबुझाएको साथै यस सम्बन्धमा निजलाई पटक-पटक संस्थामा बुलाई समेत तोकता गरेकोमा पनि निजले आल-टाल गरी ऋणको सावा, व्याज र हर्जाना आदि नबुझाएकोले यो धितो जग्गा लिलाम गरी निजमाथि बाँकी सावा रु. ६,००,०००।- र २०८० असोज मसान्त सम्मको व्याज हर्जाना रु. १३,३७,२७५।- गरी रु. १९,३७,२७५।- अक्षरेपी (रु. उन्नाईस लाख सैतिस हजार दुई सय पचहत्तर) मात्र असुल गर्न यो लिलाम डाँक सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रथम पटक प्रकाशित मिति २०८०/०७/०१ को ३५ दिन पछि अर्थात २०८० मंसिर ६ गते बुधबार जनकपुरधाम-२ कदम चौक देखि उत्तर संस्थाको कार्यालयमा विभिन्न कार्यालयको प्रतिनिधिको रोहवरमा दिनको १२ बजे देखि ४ बजे सम्म लिलाम डाँक गरिनेछ । धितो घडेरी जग्गाको न्यूनतम व्यवसायिक मूल्याङ्कन सम्बन्धीत प्राविधिकको मूल्याङ्कन तथा संचालन समितिको अनुमोदन अनुसार रु. ४५,००,०००।- (रु. पैतालिस लाख) कायम गरिएको छ । लिलाम डाँक बढाबढ शुरु हुँदा न्यूनतम मूल्य रु. ४५,००,०००।- भन्दा माथि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिले डाँक सकारेको रकमको १०% सोही दिन धरौटी वापत संस्थामा जम्मा गर्नु पर्ने छ । बाँकी ९०% रकम सात दिन भित्र संस्थामा जम्मा गरेमा निजको नाउँमा लिलाम स्वीकृत गरिनेछ । सो नगरेमा दोस्रो बढी अंक बोल्ने व्यक्तिले सोही सर्त्त बमोजिम रकम दाखिला गरेमा निजको नाउँमा लिलाम बिक्री स्वीकृत गरिनेछ । लिलाम डाँक हुने दिन अर्थात २०८० मंसिर ६ गते बुधबार कुनै कारणबस विदा पर्न गएमा सोको भोलि पल्ट सोही समयमा लिलाम बढाबढ गरिनेछ । लिलाम डाँक स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थाको संचालकमा निहित हुनेछ ।

तर सूचना प्रकाशित मितिले ३५ दिन अर्थात २०८० मंसिर ५ गते भित्र निज ऋणिले संस्थामा उपस्थित भई ऋणको साँवा र व्याज बुझाएमा लिलाम डाँक स्थगित गर्न सकिन्छ ।

अन्तमा यस लिलाम डाँक सम्बन्धि अरु बढी आनकारी बुझ्नु परेमा सम्बन्धीत व्यक्तिहरुले कार्यालयमा आई बुझ्न वा जानकारी लिन सकिन्छ ।

अध्यक्ष
जानकी ग्लोवल बचत तथा ऋण सहकारी संस्था लि.
जनकपुरधाम-२, कदम चौक

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८